कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# मुक्तिनाथ कृषि कम्पनी लि.

## Muktinath Krishi Company Ltd

**रजिष्टर्ड कार्यालय :** बसुन्धारा, काठमाडौं, नेपाल ।
**फोन नं. :** ०१-४९५००९७
Email: info@muktinathkrishi.com, Website: www.muktinathkrishi.com

**को**

# विवरण-पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड रुपैयाँ मात्र) को २०% ले हुन आउने रु.१४,००,००,०००/- (अक्षरेपी चौंध  करोड रुपैयाँ मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरको १४,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्ट्याएको र उक्त शेयर मध्येको ३% ले हुन आउने ४२,००० कित्ता शेयर कर्मचारीहरु र ५% ले हुन आउने ७०,००० कित्ता शेयर सामूहिक लगानी कोषको लागि तथा १०% ले हुन आउने १,४०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि सुरक्षित गरी बाँकी रहने ११,४८,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरिनेछ ।

**कम्पनीको नेटवर्थ सम्बन्धी तालिका :**

| विवरण | वास्तविक | | | अपरिस्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०९.४६ | १०५.२६ | ७६.८१ | ९०.३२ | १०१.१८ | १०७.३९ | ११३.७९ |
| प्रति शेयर आम्दानी (रु.) | ३.०१ | ०.१८ | (२८.५४) | ३.४८ | ८.७३ | १४.३० | २२.९६ |
| संचित नाफा/नोक्सानी (रु.) | १७,०१९,८९४ | १३,१९९,०४५ | (६७,९००,५२७) | (४८,३८७,६६८) | ६,२७२,४६२ | ५६,१४३,९५१ | १०७,६९०,५२३ |

**दरखास्त साथ प्रति साधारण शेयर अकिंत मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्‌घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८ पृष्ठ नं. १८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्‌घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**संस्थापक, सञ्चालकहरु तथा तीनका एकाघरका सदस्यहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट इस्युर रेटिङ्ग गराई "[ICRANP -IR] BB-" (Pronounced as ICRA NP Issuer Rating Double B Minus) ग्रेडिङ्ग मिति २०७९/१०/०६ मा प्राप्त गरेको छ । "[ICRANP -IR] BB-" (Issuer Rating) ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding timely servicing of financial obligation) जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ "[ICRANP -IR] BB-" स्थिती "[ICRANP -IR] BB" भन्दा एक चिन्ह तल रहन्छ । उक्त विवरण यस विवरणपत्रको **दफा ग.२२(ट) पृष्ठ नं. ४२** मा समेत उल्लेख गरिएको छ ।

**ग्रेड प्रदान गरेको मिति : वि.सं. २०७९/१०/०६** **ग्रेड बहाल रहने अवधि : वि.सं. २०८०/१०/०२**

| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति : २०८०/०६/१० | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०६/१० |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८०/०७/१० | |
| धितोपत्र निष्काशन बन्द हुने मिति : २०८०/०७/२४ (बैंकिङ्ग समय पश्चात्) | |

**यस विवरणपत्र मार्फत कर्मचारीहरुलाई बिक्री वितरण गरिएको शेयर तथा संस्थापक शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभई बिक्री वितरण गर्न वा हस्तान्तरण गर्न पाइने छैन ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIMB ACE CAPITAL LIMITED

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०, फ्याक्स : +९७७-१-४००५०८४
Email : info@nimbacecapital.com, Website : www.nimbacecapital.com

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआइएमबि एस क्यापिटललाई सम्झनु पर्दछ ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर जनाउँदछ ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी मुक्तिनाथ कृषि कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

ङ) **"संस्थापक संगठित संस्था"** भन्नाले मुक्तिनाथ कृषि कम्पनी लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनु पर्दछ ।

च) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारमसाथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

छ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बैंकलाई सम्झनु पर्दछ ।

ज) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभागलाई सम्झनु पर्दछ ।

झ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ञ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ट) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ ।

ठ) **"खुद सम्पत्ति मूल्य"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्दछ ।

ड) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको कूल नेटवर्थलाई कूल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

(ढ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको आम्दानीलाई उक्त संस्थाको जारी शेयरले भाग गर्दा आउने भागफल सम्झनु पर्छ ।

**ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउने स्थान :**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थान : |
|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड, बसुन्धारा काठमाडौं र वेबसाइट www.muktinathkrishi.com |
| २ | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट www.nimbacecapital.com |
| ३ | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान: |
|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

### ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारीहरु तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ग.२. संगठित संस्थाको उद्घोषण :

### ग.२.क) संचालकहरुको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.ग नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७८/०७९ सम्मको विवरण पेश गरेको हुनाले उक्त आर्थिक वर्ष सम्ममा, कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ ।

### ग.२.घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१) यस कम्पनीको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२) यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत रहेका छैनन् ।

४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत रहेका छैनन् ।

५) यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क) संगठित संस्थाको पृष्ठभूमि :**

**अ) संगठित संस्थाको नाम :** मुक्तिनाथ कृषि कम्पनी लिमिटेड (Muktinath Krishi Company Limited)

**आ) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कम्पनी ।

**इ) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३, बसुन्धारा, रिङ्गरोडमा रहेको छ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय विस्तार गर्न सकिनेछ ।

**ई) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३, बसुन्धारा, रिङ्गरोडमा रहेको छ ।

**उ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापित मुक्तिनाथ कृषि कम्पनी लि., मुक्तिनाथ विकास बैंक लि. लगायत नेपालका सफल व्यवसायिक व्यक्तिहरुको लगानीमा देशको समग्र कृषि क्षेत्रको दिगो विकासमा टेवा पुर्‍याउने उद्देश्यले वि.स. २०७५ सालमा स्थापना भएको पब्लिक कम्पनी हो ।

कम्पनीले आफ्नो उद्देश्य अनुसार कृषक तथा कृषि व्यवसायिहरुको उत्पादन र उत्पादकत्व बृद्धिको लागि आवश्यक गुणस्तरीय उत्पादनका साधनहरु जस्तै मल, बिउ, विषादी, औजार उपकरण सहित अनुसन्धान, विकास, प्रविधि हस्तान्तरण, प्रशोधन र मूल्य अभिवृद्धिको साथै कृषि उत्पादनहरुको खरिद सुनिश्चितता गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारीकरण सम्बन्धी क्रियाकलापहरु गरिरहेको छ ।

नेपालमा छरिएर रहेको कृषि व्यवसायका अवसर र चुनौतिहरुलाई एकीकृत गरी उत्कृष्ट संस्थागत व्यवस्थापनको माध्यमबाट कृषि तथा सम्बन्धित क्षेत्रलाई मर्यादित र प्रतिस्पर्धी बनाई युवाहरुको आकर्षणको केन्द्रविन्दु बनाउन कृषि क्षेत्रको दिगो विकासमा अति आवश्यक भएको सन्दर्भमा मुक्तिनाथ कृषि कम्पनी लि. ले बढि भन्दा बढि कृषकहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने तथा गुणस्तरीय सेवा कृषकसम्म पुर्‍याउनको लागि वडा, गाँउपालिका, नगरपालिका र जिल्लामा स्थापना भइसकेका तथा नयाँ स्थापना गरी व्यवसाय गर्न चाहने सहकारी, कृषि कम्पनी तथा फर्महरुलाई व्यापक रुपमा सहयोग तथा प्रवर्द्धन गरी स्थापित गराउनका लागि उत्पादन, प्रशोधन (उद्योग) र वितरणमा व्यवस्थापकिय काम गर्ने उद्देश्य लिएको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :**

**कृषि तर्फ :**

(क) कृषिको व्यवसायीकरण, बजारीकरण, यान्त्रिकरण र मूल्य श्रृंखलाको निर्माण गर्ने ।

(ख) कृषि उत्पादन वृद्धि गर्न आवश्यक पर्ने मल, बिउ, औषधी, यन्त्र, उपकरण, प्रविधि तथा अन्य आवश्यक प्राविधिक सेवाहरु उपलब्ध गराउने ।

(ग) कृषक, स्थानीय व्यक्ति तथा संघ/संस्थाबाट उत्पादित कृषि उपजहरुलाई संकलन, भण्डारण, प्रशोधन, प्याकेजिङ्ग आदी गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने वा बजारीकरणको व्यवस्था गर्ने ।

(घ) कृषि सामग्रीको आपूर्ति सहज गर्न स्थानिय सहकारी संघ/संस्था वा व्यक्तिहरुको सहकार्यमा प्रङ्गारिक/रासायनिक मल कारखाना, कृषि औजार कारखाना, जैविक औषधि उत्पादन आदि सम्बन्धी कारखाना स्थापना र संचालन गर्ने तथा उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने ।

(ङ) कृषि क्षेत्रको प्रवर्द्धन तथा विकास गर्न विभिन्न किसिमका अनुसन्धान, माटो परिक्षण (Soil Test), वातावरणिय प्रभाव मुल्याङ्कन (Enviromental Impact Assessment-EIA), Detail Project Report (DPR) आदि जस्ता कार्य गर्ने ।

(च) कृषिसंग सम्बन्धित रुग्ण र बन्द उद्योगहरुलाई सरकार/ सहकारी निजी क्षेत्रको सहकार्यमा वा एकल वा संयुक्त रुपमा खरिद वा पट्टामा (लिज) लिई सञ्चालन गर्ने तथा उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने,

(छ) कृषि सम्बन्धी व्यापार केन्द्रको स्थापना/सञ्चालन गर्ने, कृषि सम्बन्धी मेला/महोत्सव/प्रदशनीको आयोजना गर्ने,

(ज) कृषि सूचना/संचार केन्द्रको स्थापना/सञ्चालन गर्ने, कृषि संचार/सूचना संप्रेषण गर्न आवश्यक कार्यहरु गर्ने, कृषि सम्बन्धी पुस्तक, वेबसाईट, मोबाईल एप्लीकेशन आदी प्रकाशन गर्ने र बिक्री वितरण गर्ने ।

(झ) कृषि प्रयोजनार्थ विभिन्न उपकरणहरु आयात निर्यात, खरिद/बिक्री वितरण गर्ने,

(ञ) कृषि उत्पादन सम्बन्धी पकेट क्षेत्रको पहिचान गरी उत्पादन बृद्धी गर्ने, तथा शित गृह/भण्डार गृहको निर्माण गरी सञ्चालन गर्ने ।
(ट) संघिय/प्रान्तीय/स्थानीय सरकारको कृषि सम्बन्धी नीती तथा कार्यक्रमसंग समन्वय गरी कार्य गर्ने ।
(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा निजी क्षेत्रसंग सहकार्य गरी कृषि सम्बन्धी कार्यहरु गर्ने ।
(ड) कृषि तथा पशुपन्छीको बीमाको लागि एजेन्टको रुपमा काम गर्ने ।
(ढ) कृषक, कृषि व्यवसायी, कृषक समुह तथा सहकारीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिनको लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक प्रस्तावहरु बनाउने । साथै सोको लागि आवश्यकता अनुसार बैंक तथा वित्तीय संस्थाहरुको एजेन्ट भई काम गर्ने ।
(ण) पशुपन्छी तथा माछापालन व्यवसायसंग सम्बन्धित सामाग्रीहरु जस्तै दाना, औजार उपकरण, औषधिहरुको आयात निर्यात गर्ने ।
(त) कृषिसंग सम्बन्धित औजार तथा उपकरणहरु मर्मत संहारको लागि वर्कसपको स्थापना तथा संचालन गर्ने ।
(थ) विभिन्न प्रकारका जैविक, प्रांगारीक तथा रासायनिक मल/सुक्ष्म पौष्टिक तत्व तथा विषादीहरु, स्थानिय/उन्नत तथा वर्णशंकर (Hybrid) बिउहरुको आयात, स्थानिय संकलन र दर्ताको लागि आवश्यक अनुसन्धान स्थल/क्षेत्र/केन्द्रको स्थापना गर्ने र यसको लागि आवश्यक सिफारीस सम्बन्धित निकायहरुबाट लिने । साथै, कृषक, कृषिक समूह र सहकारीहरुमा क्षेत्रगत परीक्षणको लागि दिने ।
(द) कृषि सम्बन्धी मल, बिउ, विषादि, औजार उपकरण तथा खाद्य वस्तुहरुको अनलाइन कारोबार गर्ने ।

**<u>प्राविधिक तथा कृषि शिक्षा तर्फ</u> :**

(क) कृषि सम्बन्धी अध्ययन तथा तालीमको लागि सम्बन्धित निकायको स्वीकृति लिई प्राविधिक स्कुल/कलेज/तालिम/अनुसन्धान केन्द्रको स्थापना गर्ने ।
(ख) कृषक अध्ययन, अवलोकन तथा अनुसन्धानका लागि आवश्यकता अनुसार नमुना कृषि फार्म तथा होटल/रिर्सोट आदि सञ्चालन गर्ने/गराउने ।
(ग) सरकार तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ/संस्थाहरुसंग मिलेर आवश्यक सिपमूलक तालिमहरु संचालन गर्ने ।

**<u>वन पैदावर/जडिबुटी तर्फ</u> :**

(क) स्थानीय समुदाय, सहकारी वा अन्य संघ/संस्था वा समुहको सहकार्यमा जडिबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन गर्ने/गराउने ।
(ख) स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन आयुर्वेदिक औषधालय तथा कारखाना स्थापना गर्ने/गराउने ।
(ग) वन पैदावारमा आधारित उद्यमहरुको विकास गर्ने र उत्पादित वस्तुहरुको बजारिकरण तथा बिक्री वितरण गर्ने/गराउने ।

**<u>कृषि सहकारी तर्फ</u> :**

(क) स्थानिय साधन र श्रोतलाई उच्चतम उपयोग गर्न पूँजी, सीप र क्षमताको प्रभावकारी कार्यान्वयन गर्दै कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरु स्थापना गर्न आर्थिक तथा प्रावधिक सहयोग गर्ने ।
(ख) स्थानिय रुपमा स्थापना भएका सहकारी संघ/संस्थाहरुलाई सक्रिय गराई कृषि उत्पादन सम्बन्धी कार्यका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने ।

**<u>अन्य उद्देश्य</u> :**

(क) कृषि सम्बन्धी उद्योग तथा व्यापारमा विदेशी कम्पनीहरुको संयुक्त लगानीमा (Joint Venture) परियोजनाहरु संचालन गर्ने ।
(ख) स्वदेश तथा विदेशमा उत्पादित वस्तुहरुको बिक्री वितरणको लागि प्रतिनिधि (Agent) भई काम गर्ने/गराउने ।
(ग) वैदेशिक रोजगारमा जान चाहने वा गई फर्केका व्यक्ति तथा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न विभिन्न प्रकारका सिप तथा तालिम प्रदान गरी अवसरहरु श्रृजना गर्ने,
(घ) कृषि सम्बन्धी जोखिम न्यूनिकरण गर्न आवश्यक कार्यहरु गर्ने/गराउने ।

(ङ) कृषि उत्पादनमा टेवा पुऱ्याउन स्थानिय निकाय तथा संघ, संस्था, कम्पनी, समूह तथा व्यक्तिहरुको सहकार्यमा आवश्यकतानुसार जलविद्युत र नविकरणीय उर्जा उत्पादन गरी बिक्री वितरण गर्ने ।

(च) कृषि सामाग्रीहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ढुवानीलाई सहजिकरण गर्नको लागि नेपाल तथा नेपाल बाहिर ढुवानी तथा यसको व्यवस्थापन सम्बन्धी सहायक कम्पनीहरुको स्थापना गर्ने ।

**ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

| क्र.स. | सहायक कम्पनीको नाम | इतिहास (दर्ता मिति) | मुख्य उद्देश्यहरु | लगानीको अंश |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ सिड बैंक लि. | २०७९/०५/०६ | बिउबिजनको उत्पादन, प्रशोधन, गुणस्तर सुधार, बजारीकरण, परामर्श सेवा लगायतको कार्य | ८० प्रतिशत |
| २ | मुक्तिनाथ नर्सरी बैंक लि. | २०७९/०५/०६ | बिरुवाहरुको उत्पादन, गुणस्तरण सुधार, बजारीकरण, परामर्श सेवा सम्बन्धि कार्य | ८० प्रतिशत |
| ३ | मुक्तिनाथ फर्टिलाइजर बैंक लि. | २०७९/०५/०६ | मलको उत्पादन, संकलन, प्रशोधन, गुणस्तर सुधार, बजारीकरण, परामर्श सेवा लगायतको कार्य | ८० प्रतिशत |
| ४ | मुक्तिनाथ लाइभस्टक बैंक लि. | २०७९/०५/०६ | पशु तथा पशुजन्य उपजहरुको उत्पादन, प्रशोधन, गुणस्तर सुधार, बजारीकरण, परामर्श सेवा लगायतको कार्य | ८० प्रतिशत |
| ५ | मुक्तिनाथ हर्वल बैंक लि. | २०७९/०५/०६ | जडिबुटि तथा सुगन्धजन्य उपजहरुको उत्पादन, संकलन, प्रशोधन, बजारीकरण, परामर्श सेवा लगायतका कार्यहरु | ८० प्रतिशत |
| ६ | मुक्तिनाथ फुड बैंक लि. | २०७९/०५/०६ | दैनिक उपभोग्य खाद्यान्नहरुको उत्पादन, प्रशोधन, बजारीकरण, गुणस्तर सुधार, परामर्श सेवा लगायतका कार्यहरु | ८० प्रतिशत |
| ७ | मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि. | २०७९/०५/०६ | कृषि तथा सम्बन्धित व्यवसायसंग सम्बन्धित औजार उपकरण तथा प्रविधिहरुको उत्पादन, एसेम्बलिङ, बजारीकरण, परामर्श सेवा सम्बन्धि कार्यहरु | ८० प्रतिशत |
| ८ | मुक्तिनाथ ट्रेडिङ्ग लि. | २०७९/०५/०६ | कृषि तथा सम्बन्धित वस्तुहरुको वितरण र व्यापार सम्बन्धि कार्यहरु | १०० प्रतिशत |

**(ए) अन्य विवरणहरु :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

कृषकहरुलाई कृषि तथा पशुजन्य उपजहरुको उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि आवश्यक गुणस्तरीय उत्पादनका साधनहरु जस्तै मल, बिउ, रोग किरा नियन्त्रक (विषादी), मेशिनरी, औजार उपकरणको उत्पादन, प्रशोधन र बजारीकरण सहित कृषि सम्बन्धी अनुसन्धान, विकास र प्रविधि हस्तान्तरणको साथै कृषक, कृषि उद्यमी तथा व्यवसायिहरुको उत्पादनलाई खरिद सुनिश्चितता गरी उत्पादनहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारीकरण सम्बन्धी क्रियाकलापहरु गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

कृषकहरुलाई खेती गर्नको लागि आवश्यक पर्ने उत्पादनका श्रोत साधनहरु, पोष्ट हार्भेष्ट व्यवस्थापन, प्रविधि हस्तान्तरण र उपभोक्ताहरुलाई स्वस्थ खाद्यान्न उपलब्ध गराउने हेतुले प्रदान गरिने तालिम, फिल्ड स्तरमा नयाँनयाँ जातहरु तथा यन्त्र उपकरणको प्रयोग तथा परीक्षण, खाद्य साक्षरता अभियान, डिजिटल तथा प्रकाशनका माध्यमहरुबाट प्रविधिहरुको प्रचार प्रसार इत्यादि ।

**(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

वर्ग ३५ अन्तर्गत विज्ञापन र व्यवसायिक सेवा सम्बन्धि मुक्तिनाथ कृषि कम्पनी लि. को लोगो ट्रेडमार्क तथा वर्ग ४४ अन्तर्गत कृषि सेवाको लागि "Muktinath AgriLink" नामको ट्रेडमाक दर्ता गरेको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

यस संस्थाले ओगटेको बजार क्षेत्र नेपाल भर रहेको छ । कृषकहरुलाई आवश्यक पर्ने गुणस्तरीय उत्पादनका साधनहरु जस्तै मल, बिउ, विषादी, औजार उपकरण साथै कृषि सम्बन्धी अन्य वस्तु तथा सेवाहरु हालसम्म ६६ भन्दा बढि जिल्लाहरुमा व्यवसायिक साझेदारहरु र सहकारीहरुको माध्यमबाट उपलब्ध गराइरहेको छ । साथै यसै आ.व. देखि खाद्यान्नको पनि उत्पादन गरी बिक्री वितरण गर्ने लक्ष्य रहेको हुँदा काठमाण्डौ, पोखरा, बुटवल, सुर्खेत, चितवन, इटहरी लगायतका मुख्य व्यवसायिक क्षेत्रहरुमा खाद्यान्नको बिक्री वितरणको लागि यसै आ.व. भित्र कम्पनीको उपस्थिति रहने छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

विभिन्न प्रकारका प्रांगारीक तथा जैविक मल, जैविक विषादीहरु, हाइब्रिड तथा उन्नत बिउ, हाते औजारहरु, मेटल फेब्रिकेशन गरी विभिन्न कृषिका संरचना निर्माण र मेशिनरी उत्पादन, खाद्यान्नको उत्पादन, प्रशोधन सहित कृषि व्यवसायको प्रवर्द्धन, प्रविधि हस्तान्तरणको लागि विभिन्न परामर्श सेवाहरु उपलब्ध गराउने र कृषि क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गरी थप विकास र विस्तार गर्ने योजना रहेको छ ।

- प्रविधि प्रसारका लागि “कृषकसंग मुक्तिनाथ” र खाद्य साक्षरताका लागि उपभोक्तासंग मुक्तिनाथ अभियान
- व्यवसाय विकासको लागि “मुक्तिनाथ उद्यमशिलता केन्द” को स्थापना ।
- उद्यमीहरुको पहिचानको लागि “कृषि उद्यमी कार्डको” शुरुवात ।
- कृषि व्यवसाय विस्तारको लागि “मुक्तिनाथ एग्रिलिंक” को शुरुवात ।
- उत्पादन वृद्धिका लागि खरिद सुनिश्चितता (Buy Back Gurantee) को शुरुवात ।
- एक स्थानिय संरचना, एक कृषि परियोजनाको शुरुवात ।
- व्यवसायिक योजना र संस्थागत परामर्श सेवाको शुरुवात ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

कम्पनीले प्रवाह गर्ने वस्तु तथा सेवाहरु कृषक र उपभोक्ता दुवै पक्षका अति आवश्यक सेवाहरु भएको हुँदा यसको बजार देशभरी नै नियमित र मौसम अनुसार फरक पनि हुन्छ । कम्पनीले कृषि उत्पादनका साधानहरु आधिकारीक बिक्रेताहरु, एग्रोभेट र सहकारीमा आधारित कृषि श्रोत केन्द्रहरु मार्फत बिक्री वितरण गर्ने कार्यहरु गर्ने हुँदा यसको प्रमुख बजार स्वदेशमा नै रहेका छ । साथै खाद्यान्नका सामाग्रिहरु भने स्वदेशका विभिन्न थोक तथा खुद्रा बजारहरुबाट बिक्री वितरण गरी उपभोक्ता माझ पुग्ने तथा विदेश निर्यात गर्ने पनि योजना रहेको छ । समग्र मूल्य श्रृंखला र आपुर्ति श्रृंखलालाई निम्नानुसार व्यवस्थापन गरिरहेको छ ।




उल्लेखित चित्र अनुसार कृषि श्रोत केन्द्र, कृषि प्रशोधन केन्द्र, कृषि बजार केन्द्र र कृषि व्यवसाय परामर्श केन्द्रको मूख्य कार्यहहरु निम्नानुसार हुनेछन ।

- **कृषि श्रोत केन्द्र (Agriculture Resource Center-ARC):**
  कृषकहरुको उत्पादन, उत्पादकत्व वृद्धिको लागि आवश्यक उत्पादनका साधान (मल, बीउबिजन, रोग किरा नियन्त्रक, औजार उपकरण इत्यादि) प्रविधि प्रसार, प्रारम्भिक प्रशोधनका उद्योग स्थापना र उपजहरुको बजारीकरण तथा आवश्यक वित्तीय तथा अन्य सेवाहरु एकै थलोबाट उपलब्ध गराउने उद्देश्यले सहकारीमा आधारित कृषि श्रोत केन्द्रको अवधारणा ल्याएको छ । जस अन्तर्गत कम्पनीले ग्रामिण वा कृषिजन्य उत्पादन हुने क्षेत्रका कृषि, बहुउद्देशियय तथा बचत तथा ऋण बाहेकका अन्य विषयगत सहकारीहरुसंग व्यवसायिक साझेदारी गर्ने कार्यहरु गर्दै आइरहेको छ ।

- **कृषि प्रशोधन केन्द्र (Agro Processing Center-APC):**
  यस अवधारणा अनुसार, खरीद सुनिश्चितताको आधारमा कृषकहरुबाट संकलन गरिएको कृषि उपजहरुलाई बजार केन्द्रहरुसंग जोड्नको लागि संकलन, छनोट, प्रशोधन र प्याकेजिङ्ग गर्ने उद्योगहरुको स्थापना गरि कृषकहरुको उत्पादन र उत्पादनकत्व वृद्धि गर्नुको साथै उपभोक्ताको रोजाइ अनुसारको मूल्य अभिवृद्धि गरिएका खाद्य वस्तु तथा अन्य वस्तुहरुको उत्पादन गर्ने रहेको छ । जसको लागि कम्पनीले स्थापना गरेका सहायक कम्पनीहरु मातहत कम्तीमा एक सहायक कम्पनी, एक प्रशोधन उद्योग स्थापना गर्ने तथा विभिन्न फर्म वा संस्थाहरुले संचालन गरिरहेको वा नयाँ स्थापना हुने उद्योगहरुसंग सहकार्य गरी यो अवधारणालाई अगाडि बढाउने योजना रहेको छ ।

- **कृषि बजार केन्द्र (Agriculture Market Center-AMC):**
  यो अवधारणा अन्तर्गत, कृषकहरुले उत्पादन गरेका ताजा कृषि उपज तथा प्रशोधित खाद्य वस्तुहरुलाई उपभोक्ताहरुको माग अनुसार सम्बन्धित क्षेत्रमा वितरण गर्ने योजना रहेको छ । जस अन्तर्गत ताजा तरकारी, फलफुल तथा अन्य उपजहरुको वितरणको लागि साझेदारीमा थोक बजार केन्द्रहरुको स्थापना गर्ने । साथै ताजा तथा प्रशोधित खाद्य वस्तुहरुको खुद्रा वितरणको लागि सहकारीमा आधारित कृषि बजार केन्द्र र नीजि मार्टहरुसंगको साझेदारीमा कृषि बजारलाई व्यवस्थित गर्ने योजना रहेको छ ।

- **कृषि व्यवसाय परामर्श केन्द्र (Agriculture Business Consultation Center-ABC):**
  यो अवधारणा अन्तर्गत कृषि व्यवसायमा संग्लग्न भएका वा हुन चाहने व्यवसायि, फर्म, उद्योग, बजार केन्द्र, बैंक तथा वित्तीय संस्थाहरु, बीमा कम्पनीहरु लगायतका कर्पोरेट संस्था र सरकारी तथा गैरसरकारी निकायहरुलाइ आवश्यक प्राविधिक, संचालन, व्यवस्थापन, लगानी प्रवर्द्धन, बजारीकरण

इत्यादी सम्बन्धी संस्थागत परामर्श सेवा उपलब्ध गराउने योजना रहेको छ । जस अन्तर्गत ग्राहकको आवश्यकता अनुसार औपचारिक दर्ता र परामर्श प्रकृया मार्फत आवश्यकता अनुसार व्यवसायिक योजना, विस्तृत परियोजना रिपोर्ट, संचालन व्यवस्थापन योजना, आन्तरिक नियन्त्रण प्रणालीको विकास, लगानी योजना, आवधिक योजना, अध्ययन, अनुसन्धान तथा मुल्यांकन सेवा लगायतका सेवाहरु उपलब्ध हुनेछन ।

**(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

हालसम्म औद्योगिक उत्पादन शुरुवात भएको छैन, तर नमुना उत्पादन भई गुणस्तर परीक्षण सम्बन्धी कामहरु भइरहेको छ । साथै सहायक कम्पनीहरु अन्तर्गत विभिन्न प्रकारका उद्योगहरुको स्थापनाको लागि तयारी भइरहेको छ। बिउ तथा खाद्यान्न वस्तुहरु फिल्डमा उत्पादन हुने त्यसको संकलन, प्रशोधन (ग्रेडिंग तथा प्याकेजिंग) गर्नको लागि चितवनमा १५,००० वर्गफिट, काठमान्डौमा ७,५०० वर्ग फिट, पोखरा, बुटवल, सुर्खेत र इटहरी प्रत्येकमा २५०० वर्ग फिट भन्दा ठुलो वेयरहाउस रहेको छ । अति आवश्यक खाद्यान्न नियमित रुपमा र मल लगायतका कृषि समाग्रिहरु मौसम अनुसार खपत हुने गरेको छ । साथै मल, बीउ लगायतका अति आवश्यक वस्तुहरुको प्रशोधन कार्यहरु व्यवसायिक सम्झौता बमोजिम विभिन्न फर्म तथा सहकारी केन्द्रहरुमा हुने गरेको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

सर्वप्रथम कृषकहरुको फार्म नै कच्चा पदार्थको मुख्य श्रोत हो । यसका साथै फ्रेस तथा सुकाएको दुवै किसिमको कृषि उपजहरु उत्पादन तथा प्रयोग हुने गरेको छ । साथै कम्पनीको उत्पादन योजनामा आधारित कृषि उपजहरुको उत्पादनलाई खरिद सुनिश्चतता (Buyback Gurantee) को सम्झौता गरी कच्चा, अर्ध प्रशोधित तथा प्रशोधित वस्तुहरु कृषक र उपभोक्ताहरुको माग बमोजिम उत्पादन हुने भएको हुँदा कच्चा पद्धार्थको उपलब्धतामा समस्या रहने छैन ।

कच्चा पद्धार्थको उपलब्धताको लागि गरिने खरिद सुनिश्तिताको प्रकृयालाई निम्नानुसार व्याख्या गर्न सकिन्छ ।




**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

कम्पनीमा गुणस्तर व्यवस्थापन र नियन्त्रणको लागि आवश्यक कृषि विज्ञ, खाद्य विज्ञ, बिउ विज्ञ, कृषि इन्जिनियर, कृषि व्यवसाय विज्ञ लगायतका जनशक्तिद्वारा नेपाल सरकारले तोकेका मापदण्ड भित्र रहि बिउबिजन, मल, खाद्यान्न लगायतका सामाग्रीहरु उत्पादन तथा वितरण गरिरहेको छ। साथै बीउबिजन, विषादी तथा अन्य प्रविधिहरुको परीक्षणको लागि कार्यालयहरुमा अति आवश्यक परीक्षणका उपकरणहरु रहेको छ भने चितवन र स्याङजामा अनुसन्धान फार्मको संचालन गरेको छ । साथै नेपाल सरकारको विभिन्न निकायहरुसंग उपलब्ध रहेको गुणस्तर परीक्षण सम्बन्धि ल्यावहरुबाट नमूना परीक्षण गराई वस्तु तथा सेवाहरु वितरण गर्नुपूर्व गुण नियन्त्रणका कार्यहरु गरिनेछ ।

**(१०) अनुसन्धान तथा विकास :**

कम्पनीले बिउ, विषादी लगायत विभिन्न प्रकारका कृषि प्रविधिहरुको अनुसन्धान र विकासको लागि स्याङ्जा र चितवनमा आफ्नै **"फार्म उत्कृष्टता केन्द्र"** स्थापना गरी अनुसन्धान र विकासको काम भइरहेको छ र ३ वर्ष भित्रमा सबै प्रदेशहरुमा फार्म उत्कृष्टता केन्द्र स्थापना गर्ने लक्ष्य रहेको छ ।

विभिन्न व्यवसायिक कृषकहरु र फार्महरुमा विभिन्न नयाँ प्रविधिहरुको परीक्षण र प्रदर्शनिको कामहरु भइरहेको छ। साथै कृषिको उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धित विभिन्न प्रविधिको अनुसन्धान, प्रयोग र बजार व्यवस्थापन सम्बन्धि अनुसन्धानका लागि बेग्लै अनुसन्धान विभागको स्थापना गरिएको छ । कम्पनीले अनुसन्धान र विकासको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्यमा अनुसन्धान र विकास सम्बन्धि कार्यहरु गर्नेछ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**
विगत १२ महिनाको अवधिमा संगठित संस्थाको संचालनमा असर पर्ने गरी कुनै वाधा व्यवधान नरहेको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**
सो नभएको ।

**(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
नेपालको कृषि क्षेत्रमा नीजि क्षेत्रबाट स-साना स्तरमा र व्यक्तिगत तवरमा विभिन्न फर्म तथा कम्पनीहरुले काम गरिरहेको भएतापनि संस्थागत रुपमा कृषिको समग्र मुल्य श्रृंखलामा काम गर्ने गरी पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको यस कम्पनी पहिलो कम्पनी रहेको छ। यस आधारमा तत्कालिन रुपमा भइरहेका साना तथा मध्यम व्यवसाय र तीनिहरुले ओगटेको बजारमा केहि प्रतिस्पर्धी हुने भएता पनि केहि वर्ष पश्चात् कम्पनीले संस्थागत रुपमा विशिष्ट खालको बजार निर्माण गर्नेछ । साथै यस कम्पनीले गुणस्तर, अनुसन्धान, विकास र कृषि मूल्य श्रृंखलामा श्रोत केन्द्रको रुपमा काम गर्ने आधार खडा गरेको छ र अन्य समान प्रकृतिका संस्थाहरुलाई समेट्ने अभिप्रायले कृषि मूल्य श्रृंखलामा व्यवस्थापकिय भूमिका निर्वाह गर्ने मार्गदर्शन लिएको हुँदा अन्य कम्पनीहरु तथा संस्थाहरुसंग प्रतिस्पर्धा भन्दा सबैसंग सहकार्य गरी व्यवसाय अभिवृद्धि गर्ने लक्ष्य राखेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै- संस्थाको कुल कारोबारमा १० प्रतिशत वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :**
हालको अवस्थामा सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कुल कारोबारमा १० प्रतिशत वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** हालको अवस्थामा सो नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था:** हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तल उल्लेख गरिएको छ ।

| क्र.सं | विवरण | आ.व. २०७९/०८० सम्मको मुल्य (अपरिष्कृत) | उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान | अवस्था |
|---|---|---|---|---|
| १. | लीज होल्ड सम्पत्तिहरु | ४०,५२५,३३० | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| २. | भवन र संरचनाहरु | ७३४,४७४ | स्याङ्जा फार्म उत्कृष्टता केन्द्र | – |
| ३ | कम्प्युटर र सहायक उपकरणहरु | २,५३७,१०९ | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| ४ | प्लान्ट र मेसिनरी | ३०,५६८ | स्याङ्जा फार्म उत्कृष्टता केन्द्र | – |
| ५ | फर्निचर र फिक्स्चर | १,०५२,३४८ | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| ६ | सवारी साधन | ५,९३१,६३६ | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| ७ | कार्यालय उपकरण र अन्य | २,२६६,७४९ | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| ८ | अन्य स्थिर सम्पत्तिहरु | - | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| ९ | निर्माणाधीन सम्पत्तिहरु | - | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| १० | सम्पत्ति प्रयोगको अधिकार | २३,३७६,०७१ | प्रधान एवम् प्रादेशिक कार्यालय | – |
| | **जम्मा** | **७६,४५४,२८५** | | |

| क.सं | विवरण | आ.व. २०७९/०८० सम्मको मुल्य (अपरिष्कृत) | सम्पत्तिको विस्तृत विवरण | अवस्था |
|---|---|---|---|---|
| १ | अमूर्त सम्पत्ति | ४,४५६,१९५ | कम्प्युटर सफ्टवेयर तथा ई-कमर्स वेबसाइट | – |

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** : बुँदा "क" मा उल्लेखित सम्पत्तिहरु संगठित संस्थाको आफ्नै सम्पत्ति रहेको ।

लिजमा लिइएको अन्य सम्पत्तिहरुको विववरण देहाय बमोजिम रहेको छ :

| क. सं. | करार गरिएको व्यक्ती/संस्था | विवरण | सम्झौता मिति | अवधी (वर्ष) | वार्षिक वहाल रकम |
|---|---|---|---|---|---|
| १ | रोयल बहुउद्देश्यिय सहकारी संस्था लि. | प्रधान कार्यालय, वसुन्धरा | २०७७/२/२० | १५ | ३७,६८,०००/- |
| २ | दिल रत्न देउला | वेयर हाउस-१, काठमाडौं | २०७९/१/१९ | ५ | २२,८०,०००/- |
| ३ | तिर्थ/मैया महर्जन | वेयर हाउस-२, काठमाडौं | २०८०/५/१८ | ५ | १८,००,०००/- |
| ४ | नवराज पोखरेल | वेयर हाउस, पोखरा | २०७८/६/१९ | ५ | ४,२०,०००/- |
| ५ | ७ जनासंग सम्झौता गरिएको | स्यांगजा फार्म उत्कृष्टता केन्द्र | २०७८/१०/४ | १० | १,७०,१६९/- |
| ६ | यूनिक वायोटेक अर्गानिक प्रा.लि. | चितवन फार्म उत्कृष्टता केन्द्र | २०७९/२/१ | ८ | ३,००,०००/- |
| ७ | सुरज भक्त पौडेल | | २०७९/२/१ | ८ | १,५०,०००/- |
| ८ | आयुष भक्त पौडेल | | २०७९/२/१ | ८ | १२,००,०००/- |
| ९ | निलम कुमारी मण्डल | वेयर हाउस-चितवन | २०७९/८/२९ | ५ | २,४०,०००/- |
| १० | प्रेम सिङ्ग ठकुरी | प्रादेशिक कार्यालय, सुर्खेत | २०७९/७/१९ | ६ | ७,८०,०००/- |
| ११ | प्रेम सिङ्ग ठकुरी | वेयर हाउस, सुर्खेत | २०७९/७/१९ | ५ | ४,८०,०००/- |
| १२ | चिनी श्रेष्ठ | वेयर हाउस, वुटवल | २०७९/७/१ | ५ | ५,३३,३२८/- |
| १३ | अर्जुन उपाध्याय | प्रादेशिक कार्यालय, वुटवल | २०७९/७/३० | ६ | ७,९९,९९२/- |
| १४ | ललिता कुमारी | प्रादेशिक कार्यालय, बर्दिवास | २०७९/१२/२१ | १० | ५,४०,०००/- |
| १५ | मनिष ओली | प्रादेशिक कार्यालय, इटहरी | २०७९/११/३ | १० | १२,००,०००/- |
| १६ | भेष राज दाहाल | वेयर हाउस, इटहरी | २०८०/३/७ | १० | ४,८०,०००/- |
| १७ | निरन्जन सवार | प्रादेशिक कार्यालय, धनगढी | २०८०/४/१७ | ७ | ९,२४,०००/- |
| १८ | टिका खनाल आचार्य | कर्मचारी क्वाटर | २०७८/१०/२३ | २ | ३,३३,३२४/- |

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** हाललाई सो नभएको ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्ति हाल सम्म पुनर्मूल्याङ्कन नगरिएको हुँदा किताबी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सो को पुनर्मूल्याङ्कन गरिएको छैन् ।

ग.३.ग. **भावी योजना तथा रणनिती :**

(क) **व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

उत्पादन तथा सेवाहरु विविधिकरण गर्ने, कृषिसंग सम्बन्धित विभिन्न समाग्रीहरु, उत्पादनका साधनहरुको अनुसन्धान तथा विकास गर्ने, उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि आवश्यक बिउबीजन, मलखाद, रोग किरा व्यवस्थापन, औजार उपकरण इत्यादिको दीर्घकालिन रुपमा प्रबन्ध गर्ने, कृषिको क्षमता विस्तार गर्ने तथा उपयुक्त अन्य स्थानमा शाखा खोली वा व्यवसायिक साझेदारी गरी संचालन गर्ने योजना कम्पनीको रहेको छ । साथै, अन्य योजनाहरु देहाय अनुसार रहेका छन् ।

कम्पनीले भावि योजनालाई व्यवस्थित गर्नको लागि "संस्थागत मूल्य श्रृंखला व्यवस्थापन मार्फत कृषि चक्रको निर्माण गर्ने" उद्देश्य सहित रणनीतिक योजना "भिजन २०८५" तयार गरेको छ । उक्त रणनीतिक योजनाको साराशं निम्नानुसार रहेको छ ।

| आ.व. | योजनाहरु | वार्षिक लक्ष्य | पाँच वर्षको लक्ष्य |
|---|---|---|---|
| २०८०/०८१ | कृषि श्रोत केन्द्रको विकास वर्ष | देशभरबाट कम्तीमा १०० वटा सहकारीहरुलाई कृषि श्रोत केन्द्रको रुपमा विकास गर्ने । | कम्तीमा देशभरका १००० सहकारीहरुलाई श्रोत केन्द्रको रुपमा विकास गर्ने । |
| २०८१/०८२ | सहायक कम्पनीहरुको व्यवसायिक साझेदारी वर्ष | ५ वटा अन्तराष्ट्रिय तथा १० वटा राष्ट्रिय कम्पनीहरु र ५० बजार/वितरण केन्द्रहरुसंग साझेदारी गर्ने । | कम्तीमा १०० वटा अन्तर्राष्ट्रिय कम्पनी, १०० राष्ट्रिय कम्पनीहरु र १००० बजार/वितरण केन्द्रहरुसंग सहकार्य गर्ने । |
| २०८२/०८३ | डिजिटल कृषिको विकास वर्ष | कम्तीमा ३ लाख कृषक तथा उपभोक्ताहरुलाई डिजिटल प्रविधि मार्फत सेवा प्रवाह गर्ने । | कम्तीमा १० लाख कृषक तथा उपभोक्ताहरुलाई डिजिटल प्रविधि मार्फत सेवा प्रवाह गर्ने । |
| २०८३/०८४ | कृषि वस्तुको निर्यात वर्ष | उच्च मूल्य बालि, जडिबुटि र बीउको कम्तीमा १.५ अर्वको निर्यात गर्ने । | कम्तीमा २ अर्वको निर्यात गर्ने । |
| २०८४/०८५ | दिगो व्यवसाय वर्ष | कम्पनी मार्फत संस्थागत कृषि व्यवसाय परामर्श सेवा, सहर्काय कम्पनी मार्फत कम्तीमा १० प्रशोधन उद्योग र वस्तु विनिमय केन्द्रको विकास गर्ने । | |

समग्रमा कृषिको संस्थागत विकासका लागि "कृषकसंग मुक्तिनाथ" र "उपभोक्तासंग मुक्तिनाथ" अभियान मार्फत कृषि मूल्य श्रृंखलामा व्यवस्थापकिय भुमिका निर्वाह गर्ने मुख्य योजना रहेको छ ।

"कृषकसंग मुक्तिनाथ अभियान" मार्फत कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि, नयाँ तथा कृषक उपयोगी प्रविधि प्रसार, स्थानीय तथा क्षेत्रीय उद्योगहरुको स्थापना र खरिद सुनिश्चितता (Buyback Gurantee) मार्फत बजारीकरण गर्ने । त्यस्तै, "उपभोक्तासंग मुक्तिनाथ अभियान" मार्फत गुणस्तरीय खाद्यान्नको प्रवर्द्धन तथा वितरण, खाद्य साक्षरता (Food Literacy), बजार सुचना प्रणालीको विकास र उपभोक्ता हित संरक्षण सम्बन्धि क्रियाकलापहरु गर्दै समग्र मूल्य श्रृंखला व्यवस्थापनमा व्यवस्थापकीय भुमिका निर्वाह गर्ने ।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

नेपालमा कृषि क्षेत्रको विकासको सम्भावना प्रचूर मात्रामा रहेको छ । यस कम्पनीले कृषि क्षेत्रसंग सम्बन्धित संस्था तथा कृषकहरुलाई उत्पानसंग सम्बन्धित सामाग्रीहरु जस्तै विउबीजन, मल, रोग किरा नियन्त्रक, औजारउपकरणको साथै यसै क्षेत्रसंग सम्बन्धी परामर्श, गोष्ठी/कार्यशाला/तालिम आयोजना गर्ने/गराउने कार्य गर्दछ । यस कम्पनीले गुणस्तर, अनुसन्धान तथा विकास र कृषि मूल्य श्रृंखलामा श्रोत केन्द्रको रुपमा काम गर्ने आधार तयार गरेको छ । कृषि क्षेत्रको आवश्यकता पहिचान गरी, सो सम्बन्धी विस्तृत अध्ययन गर्ने/गराउने, कृषिबाट प्राप्त उत्पादनहरु उपभोक्ताहरु समक्ष पुऱ्याउने जस्ता कार्य गर्ने कम्पनी/उद्योगहरु हाल विद्यमान रहेता पनि संस्थागत रुपमा काम गर्ने नीजि क्षेत्रहरु खासै नभएको वर्तमान अवस्थामा कृषि बजारमा ठुलो सम्भावनाहरु रहेको छ ।

गत आर्थिक वर्षको कुल ग्राहस्थ उत्पादनलाई आधार मान्ने हो भने करिब १२ खर्वको कृषि अर्थतन्त्र रहेको छ । खाद्यान्न र कृषिसंग सम्बन्धित उत्पादनका साधानहरु अतिआवश्यक वस्तुको रुपमा रहने हुँदा आर्थिक उत्तारचढावको अवस्थामा पनि यसको मागमा तुलनात्मक रुपमा अन्य व्यवसायमा जस्तो उत्तारचढाव हुँदैन ।

देशको समग्र माग बमोजिम मल, बिउ बिजन, रोग किरा नियन्त्रकहरुको आपूर्तिको कमि रहेको तथा उपभोक्ताको आवश्यकता बमोजिम गुणस्तरीय खाद्य उपजहरु उचित मूल्यमा पुग्न नसकेको हालको पृष्ठभूमिमा बजार अनुसारको उत्पादन प्रणालीको विकास गरी संस्थागत रुपमा मुल्य श्रृंखलामा काम गर्दा दिगो तथा भरपर्दो रुपमा बजारीकरण हुने पर्याप्त आधारहरु रहेका छन जसले संस्थाको दिगो व्यवसायिक विकासको आधारहरु तयार गर्दछ ।

साथै कम्पनीले स्थानीय सम्भाव्यताको आधारमा कृषि सम्बन्धी परियोजनाहरु संचालनको लागि स्थानीय उत्पादन र उत्पादकत्व वृद्धिको “एक स्थानिय संरचना, एक कृषि परियोजना” को अवधारणा अघि सारेको छ । समग्रमा संस्थागत मूल्य श्रृंखला व्यवस्थापन मार्फत कृषि चक्रको निर्माण गर्ने जसमा सरकारी निकाय, कम्पनी, यसका सहायक कम्पनीहरु, कृषक समूह तथा सहकारीहरु, अन्य उद्योग, गैरसरकारी संस्थाहरु, बैंक वित्तीय संस्थाहरु र बीमा कम्पनीहरुसंग सहकार्य गर्दै एकिकृत रुपमा कृषि विकास गर्ने ।




उल्लेखित परियोजना अन्तर्गत साना तथा मझौला उद्योगिहरुसंग प्रतिस्पर्धा भन्दापनि पारस्पारीक हित हुन गरी सहकार्यमा कृषि सम्बन्धी स्थानीय परियोजनाहरु मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने योजना रहेको छ ।

**ग.३.घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको संशोधित व्यवस्था अनुसार ६ (छ) जना संचालक सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ । संचालक समितिमा संचालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको तर्फबाट | ४ जना |
| स्वतन्त्र संचालक | १ जना |
| सर्वसाधारण शेयरधनीहरुको तर्फबाट | १ जना |
| **जम्मा** | **६ जना** |

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार संचालक हुनको लागि कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी**

**ग.४.क) पूँजीको संरचना :**

**१) अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

**२) जारी पूँजी (Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ७०,००,००० (सत्तरी लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

**३) चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु. ५६,००,००,०००/- (अक्षरेपी छपन्न करोड मात्र) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ५६,००,००० (छपन्न लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। सर्वसाधारणका निमित्त (सामूहिक लगानी कोष, कर्मचारीहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरु समेत) छुट्टाइएको रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोड) रकम बराबरको रु.१००/- अंकित दरको १४,००,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड) हुनेछ।

**ग.४.ख) साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५६,००,००० | ८०% | ५६,००,००,०००/- | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (सामूहिक लगानी कोष तथा कर्मचारीहरु र वैदेशिक रोजगारमा रहेका नेपालीहरु समेत) | १४,००,००० | २०% | १४,००,००,०००/- | निष्काशन पश्चात् शतप्रतिशत भुक्तानी हुने |
| | **जम्मा** | **७०,००,०००** | **१००%** | **७०,००,००,०००/-** | |

**ग.४.ग) शेयर प्रिमियम खाता (निष्काशनपूर्व र निष्काशनपश्चात्)** : शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको।

**ग.५ संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क) संस्थापक/संचालकको पृष्ठभूमी :**

**क) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीको विवरण :**

| सि. नं. | नाम | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मुक्तिनाथ विकास बैंक लि. | संस्थापक | लागु नहुने | राष्ट्रिय स्तरको “ख” वर्गको विकास बैंक | कमलादी, काठमाण्डौं | १५,५५,५०० | लागु नहुने | लागु नहुने | लागु नहुने |
| २. | भरतराज ढकाल | संस्थापक | ४९ | नेपाली | फापरथुम ४ स्याङ्गजा | १,४८,००० | स्नातकोत्तर | समग्र व्यवस्थापनमा २० वर्ष भन्दा बढि (मुक्तिनाथ विकास बैंकको संस्थापक | मिति २०७६/०५/१४ गतेबाट संचालक समिति अध्यक्ष |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रमुख कार्यकारी अधिकृत (२०६३ सालदेखि २०७५ सालसम्म), त्यसपश्चात हालसम्म अध्यक्ष । | |
| ३. | तुलसीराम ढकाल | संस्थापक | ५४ | नेपाली | दमक ३ झापा | १,४०,२१७ | स्नातक | हाल सफलपथ बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्ष, चिलिमे जलविद्युत कं. लि. र मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.को संचालक तथा लगानी व्यवस्थापनमा २० वर्षभन्दा बढिको अनुभव | मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य |
| ४. | नारायण कुमार श्रेष्ठ | संस्थापक | ५२ | नेपाली | बुढाथुम ८ धादिङ्ग | १,०९,२६३ | स्नातक | सिभिक विकास बैंकको पूर्व अध्यक्ष, मुक्तिनाथ विकास बैंकको पूर्व संचालक र हाल मल्टिनेशन मिडिया प्रा.लि. नामको मार्केटिङ कम्पनीमा कार्यरत गरी २० वर्ष भन्दा बढिको अनुभव | मिति २०७७/०६/०२ देखि २०७८/१२/२७ सम्म संचालक समिति सदस्य |
| ५. | सिताराम काफ्ले | संस्थापक | ५२ | नेपाली | का.म.न.पा. ३, काठमाण्डौं | ७८,२२० | स्नातक | रोयल वहुउद्देश्यिय सहकारीमा २५ वर्षदेखि निरन्तर कार्यरत तथा विगत ४ वर्षदेखि मुक्तिनाथ क्यापिटल लि. को अध्यक्ष | मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य |
| ६. | गौतम प्रसाद खनाल | संस्थापक | ५१ | नेपाली | बुङकोट ४, गोरखा | ५६,६६६ | स्नातक | विभिन्न समयमा बैंक तथा वित्तीय संस्थाको १२ वर्ष संचालक समिति सदस्य (त्रीवेणि विकास बैंक, एन.एल.जि. इन्स्योरेन्स कम्पनी लि., जनता बैंक नेपाल लि.) हाल लगानी व्यवस्थापन सम्बन्धि आफ्नै व्यवसाय | मिति २०७८/११/१५ गतेबाट संस्थापक सदस्य |
| ७. | भगवती लामिछाने | संस्थापक | ६२ | नेपाली | शिशुवा ४, कास्की | ६३,८८८ | साक्षर | घरगृहिणि | मिति २०७५/०५/१४ गतेबाट संस्थापक सदस्य |

सञ्चालकहरुको विवरण :

| सि. नं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | भरतराज ढकाल | अध्यक्ष | ४९ | नेपाली | फापरथुम ४ स्याङ्गजा | १,४८,००० | स्नातकोत्तर | समग्र व्यवस्थापनमा २० वर्ष भन्दा बढि (मुक्तिनाथ विकास बैंकको संस्थापक प्रमुख कार्यकारी अधिकृत (२०६३ सालदेखि २०७४ सालसम्म, त्यसपश्चात हालसम्म अध्यक्ष। | मिति २०७६/०५/१४ गतेबाट संचालक समिति अध्यक्ष |
| २. | सिताराम काफ्ले | सञ्चालक | ५२ | नेपाली | का.म.न.पा. ३, काठमाण्डौं | ७८,२२० | स्नातक | रोयल वहुउद्देश्यिय सहकारीमा २५ वर्षदेखि निरन्तर कार्यरत तथा विगत ४ वर्षदेखि मुक्तिनाथ क्यापिटल लि. को अध्यक्ष | मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य |
| ३. | तुलसीराम ढकाल | सञ्चालक | ५४ | नेपाली | दमक ३ झापा | १,४०,२१७ | स्नातक | हाल सफलपथ बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्ष, चिलिमे जलविद्युत कं. लि. र मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.को संचालक तथा लगानी व्यवस्थापनमा २० वर्षभन्दा बढिको अनुभव | मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य |
| ४. | शिखा मास्के | सञ्चालक | ३८ | नेपाली | अनारमणि ८, झापा | २०,००० | स्नातकोत्तर | सिभिल क्यापिटल मार्केट्को संचालक तथा एन मल्टिनेशन प्रा.लि. मा आवद्ध । १० वर्ष भन्दा बढिको अनुभव | २०७८/१२/२७ देखि संचालक समिति सदस्य |
| ५. | मोहन कुमार बस्नेत | सञ्चालक | ५३ | नेपाली | रामेछाप ६ | ५,००० | स्नातक | कृषि वस्तुको बजारीकरणमा २० वर्ष भन्दा बढिको अनुभव (हाल, बल्खु तरकारी तथा फलफुल बजारको संचालक) | मिति २०७६/०५/१४ गतेबाट संचालक समिति सदस्य |
| ६. | गोविन्द बहादुर राउत | सञ्चालक | ४९ | नेपाली | सिसहनिया ०६, दाङ | ३,००० | स्नातकोत्तर | २२ वर्षभन्दा बढि सामाजिक विकास, लघुवित्त र बैंकिङ्गमा अनुभव (हाल मुक्तिनाथ विकास बैंकमा सहायक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत) | २०८०/०४/२६ गते देखि संचालक समिति सदस्य |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | संस्थापक कम्पनीको नाम | ठेगाना | कम्पनीले गर्ने व्यवसाय | सञ्चालकहरुको विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | नाम | पद | ठेगाना |
| १ | श्री मुक्तिनाथ विकास बैंक लि. | वडा नं २८, कमलादी, काठमाडौं | बैंकिङ्ग व्यवसाय | श्री भरत राज ढकाल | अध्यक्ष | फापरथुम ४ स्याङ्गजा |
| | | | | श्री गजेन्द्र मान श्रेष्ठ | सञ्चालक | बिदुर न.पा ९, नुवाकोट |
| | | | | श्री रबिन्द्र मान श्रेष्ठ | सञ्चालक | पुतलीबजार १, स्याङ्गजा |
| | | | | श्री सालिग्राम मिश्र | सञ्चालक | जलेश्वर न.पा. ६, महोतरी |
| | | | | श्रीमती निर्मला कुमारी के.सी. कार्की | सञ्चालक | का.म.न.पा. १६, काठमाडौं |
| | | | | श्री श्याम सुन्दर शर्मा | स्वतन्त्र सञ्चालक | बसुन्धरा ०३, काठमान्डौ |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठन सँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं. | संचालकको नाम, | ठेगाना | आबद्ध भएको संस्थाको नाम, ठेगाना |
|---|---|---|---|
| १. | भरतराज ढकाल | फापरथुम ४, स्याङ्गजा | • अध्यक्ष, मुक्तिनाथ विकास बैंक लि. |
| २. | सिताराम काफ्ले | का.म.न.पा. ३, काठमाण्डौं | • अध्यक्ष, मुक्तिनाथ क्यापिटल लि.<br>• कार्यकारी संचालक, रोयल बचत तथा ऋण सहकारी संस्था लि. |
| ३. | तुलसी राम ढकाल | दमक ३, झापा | • अध्यक्ष, सफल पथ बचत तथा ऋण सहकारी संस्था लि.<br>• संचालक, चिलिमे जलविद्युत कं. लि.<br>• संचालक, मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. |
| ४. | शिखा मास्के | अनारमणि ०८, झापा | • संचालक, सिभिल क्यापिटल मार्केट्स लि. |
| ५. | मोहन कुमार बस्नेत | मन्थलि ६, रामेछाप | • संचालक बल्खु तरकारी तथा फलफुल बजार<br>• अध्यक्ष, बल्खु बचत तथा ऋण सहकारी संस्था |
| ६. | प्रकाश प्रसाद श्रेष्ठ | पुतलिबजार ४, स्याङ्गजा | • अध्यक्ष, अमुल डेरी र विभरेज नेपाल प्रा.लि.<br>• अध्यक्ष पन्चरत्न प्लाष्टिक इन्डष्ट्रिज प्रा.लि. |
| ७. | विजय कुमार गुरुङ्ग | भलाम, कास्कि | • मुक्तिनाथ विकास बैंक लि., समावेशि बैंकिङ प्रमुख |

सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१) (छ) को पालना गरिएको छ ।

**घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(अ) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न संचालक समितिको स्वीकृति लिनु पर्नेछ । संचालक समितिको पूर्व स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

(आ) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले एक वर्षको अवधी पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख) संस्थापक/संचालकसँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** संस्थाका अध्यक्ष श्री भरतराज ढकालले नियमित वार्षिक पारिश्रमिकको रुपमा ४१,७३,७७८/६६ (कर सहित) लिए वापत कार्यकारी प्रमुखको रुपमा कम्पनीको समग्र व्यवस्थापन गरिरहनु भएको तर मुक्तिनाथ कृषि कम्पनी लि. को मिति २०८० असोज ११ गते सम्पन्न संचालक समितिको ६६औं बैठकको निर्णय अनुसार श्री भरतराज ढकालले मिति २०८० असोज १० गते कार्यकारी

प्रमुखबाट दिनुभएको राजिनामालाई स्विकृत गर्दै अर्को व्यवस्था नभएसम्मको लागि नायब महाप्रबन्धक श्री रामशरण तिमल्सिनालाई निमित्त कार्यकारी प्रमुखको जिम्मेवारी दिने निर्णय भएको ।

ख) **बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

## ग.६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

### ग.७.क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण ।

| क.सं. | कर्मचारीको नाम | पद | शैक्षिक योग्यता | नियुक्ति मिति | शेयर कित्ता | कार्यानुभव |
|---|---|---|---|---|---|---|
| १. | भरतराज ढकाल | अध्यक्ष | स्नातकोत्तर | २०७७ पौष २० | १,४८,००० | २० वर्ष भन्दा बढि समग्र संस्था व्यवस्थापनमा अनुभव |
| २. | रामशरण तिमल्सिना | नायब महाप्रबन्धक | स्नातकोत्तर | २०७६ पौष २० | छैन | १० वर्षभन्दा बढि कृषि उत्पादन, प्रशोधन, प्रविधि प्रसार र बजारीकरणमा अनुभव |
| ३. | दिपान्जलि खकुरेल | वरीष्ठ प्रबन्धक (प्रशासन तथा जनशक्ति व्यवस्थापन) | स्नातकोत्तर | २०७९ बैशाख ०२ | ११,७९८ | २० वर्ष भन्दा बढि बैंक तथा वित्तीय संस्थाहरुको प्रशासन, जनशक्ति व्यवस्थापन र बजारीकरणमा अनुभव |

**नोट :** मुक्तिनाथ कृषि कम्पनी लि. को मिति २०८० असोज ११ गते सम्पन्न संचालक समितिको ६६औं बैठकको निर्णय अनुसार श्री भरतराज ढकालले मिति २०८० असोज १० गते कार्यकारी प्रमुखबाट दिनुभएको राजिनामालाई स्विकृत गर्दै अर्को व्यवस्था नभएसम्मको लागि नायब महाप्रबन्धक श्री रामशरण तिमल्सिनालाई निमित्त कार्यकारी प्रमुखको जिम्मेवारी दिने निर्णय भएको ।

ख) **कम्पनीका कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी सम्बन्धी विवरण** : अध्यक्षको मुक्तिनाथ विकास बैंक लि. मा आधारभुत शेयर रहेको बाहेक अन्य कर्मचारीहरुको नभएको ।

ग) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने** : सो नभएको ।

घ) **कर्मचारी संख्या** : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| ५० | २३ | ११ | - | - | ८४ जना |

### ग.७.ख. संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

क) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. कम्पनीको मिति २०७८ मंसिर २४ गते सम्पन्न तेश्रो वार्षिक साधारण सभाको निर्णय बमोजिम संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. ७,०००/- र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. ५,०००/- रहेको छ ।

२. कम्पनीको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछः

स्वदेशमा दैनिक भत्ता : हाललाई भत्ताको व्यवस्था नभएको ।

भारतमा दैनिक भत्ता : हाललाई व्यवस्था नभएको ।

भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता : हाललाई व्यवस्था नभएको ।

यातायात तथा अन्य खर्चहरु : वास्तविक बिल बमोजिम भुक्तानी हुने ।

३. अन्य सुविधा कम्पनी नियम बमोजिम हुनेछ ।

उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै भत्ता तथा सुविधा सञ्चालकहरुलाई भुक्तानी गर्ने व्यवस्था तपसिल बमोजिम भएको ।

| संचालक | मसिक पारिश्रमिक | यातायात खर्च | टेलिफोन खर्च | पत्रपत्रिका तथा स्टेशनरी | जम्मा |
|---|---|---|---|---|---|
| अध्यक्ष | ३,३२,४५२/- | छैन | छैन | छैन | ३,३२,४५२/- |
| कार्यकारी संचालक | छैन | छैन | छैन | छैन | - |
| सदस्यहरु | छैन | छैन | छैन | छैन | - |

**नोटः** मुक्तिनाथ कृषि कम्पनी लि. को मिति २०८० असोज ११ गते सम्पन्न संचालक समितिको ६६औं बैठकको निर्णय अनुसार श्री भरतराज ढकालले मिति २०८० असोज १० गते कार्यकारी प्रमुखबाट दिनुभएको राजिनामालाई स्विकृत गर्दै अर्को व्यवस्था नभएसम्मको लागि नायब महाप्रबन्धक श्री रामशरण तिमल्सिनालाई निमित्त कार्यकारी प्रमुखको जिम्मेवारी दिने निर्णय भएको ।

**ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | पारिश्रमिक रकम (आ.व. ०७९/०८०) |
|---|---|---|---|
| १. | भरतराज ढकाल | अध्यक्ष | ४१,७३,७८८.६६ |
| २. | रामशरण तिमल्सिना | नायब महाप्रबन्धक | १९,१५,३४४ |
| ३. | दिपान्जलि खकुरेल | वरिष्ठ प्रबन्धक (प्रशासन तथा जनशक्ति व्यवस्थापन विभाग) | १३,७१,३११.४३ |

**नोटः** मुक्तिनाथ कृषि कम्पनी लि. को मिति २०८० असोज ११ गते सम्पन्न संचालक समितिको ६६ औ बैठकको निर्णय अनुसार श्री भरतराज ढकालले मिति २०८० असोज १० गते कार्यकारी प्रमुखबाट दिनुभएको राजिनामालाई स्विकृत गर्दै अर्को व्यवस्था नभएसम्मको लागि नायब महाप्रबन्धक श्री रामशरण तिमल्सिनालाई निमित्त कार्यकारी प्रमुखको जिम्मेवारी दिने निर्णय भएको ।

अध्यक्षको हकमा मिति २०७७ पौष २० गते सम्पन्न दोश्रो साधारण सभाको निर्णय बमोजिम, नायब महाप्रबन्धकको हकमा मिति २०७८ माघ १३ गते सम्पन्न संचालक समितिको ४५ औ बैठकको निर्णय अनुसार र वरीष्ठ प्रबन्धकको हकमा कम्पनीको जनशक्ति व्यवस्थापन समितिको मिति २०७८ चैत्र ९ मा सम्पन्न चौथो बैठकको निर्णय अनुसार नियुक्ति गरिएको ।

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**ग.८. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :** अन्तर्निहित जोखिम र सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

**क) वित्तीय साधनको अभावबाट हुने जोखिम :** कर्जा सापटि तथा कर्जा लगानीको ब्याजदरमा आउने परिवर्तन तथा नेपालको बजारमा हुने आर्थिक मन्दिबाट व्यवसायको आकारमा जोखिम हुन सक्ने भएता पनि कम्पनीको पुँजी, व्यवसायिक योजना र कारोवारको प्रकृति बमोजिम साना-साना लगानीका धेरै आयोजनाहरु संचालन हुने, लगानीका क्षेत्रहरुमा विविधिकरण र संचालन हुने आयोजनाहरुबाट तुलनात्मक रुपमा छिटो प्रतिफल प्राप्त हुने हुँदा ठुलो वित्तीय जोखिम रहँदैन । साथै समस्याहरु देखिएता पनि त्यसलाई व्यवस्थापन गर्न सकिने प्रकृतिका हुन्छन ।

**ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** बिउबीजन, कृषि उपज, मल लगायतका कृषि उद्योगका लागि आवश्यक कच्चा पदार्थहरुको उपलब्धताको लागि कम्पनीले ती पदार्थहरुको उत्पादन गर्नुपूर्व खरिद सुनिश्चितता गरि संकलन र उपयुक्त भण्डारण गर्ने योजनाको कार्यान्वयन मार्फत त्यसबाट हुने जोखिमलाई न्युनिकरण गर्न सकिन्छ ।

**ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** कम्पनीले स्थापना गरेको बजार अनुसन्धान र विकास विभागको तर्फबाट यथास्थिति र विशिष्ट बजारको अध्ययन गरी

बजार सुचना प्रणालीको विकास गर्ने र सोहि अनुसार बिक्री तथा बजारीकरणको योजनाहरु निर्माण र कार्यान्वयनमा लैजाने योजनाको कार्यान्वयन गर्दा उल्लेखित जोखिमलाई न्युनिकरण गर्न सकिने ।

घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost overrun) को जोखिम :** कम्पनीले चुस्त दुरुस्त र विषय विज्ञहरुको व्यवस्थापन सहित कृषिको आयोजनाहरु संचालन गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरि कार्यान्वयन गरेको हुँदा ढिलासुस्ति हुने सम्भावना कम हुन्छ । मूल्य वृद्धिलाई कम गर्न लागत घटाउने उपायहरु अवलम्बन गर्न सकिन्छ । साथै कम्पनीले सहकारी संस्थाहरु र आधिकारीक बिक्रेताहरु मार्फत बजारीकरण गरिरहेको सन्दर्भमा कृषिजन्य उत्पादनको बजार सोहि अनुसार परिमार्जन गरि कार्यान्वयन गर्ने अवस्था रहेको हुँदा मूल्य वृद्धिको जोखिम कम पर्न जान्छ ।

ङ) **विदेशी विनिमयको जोखिम :** हाललाई नभएको ।

च) **कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हालसम्म त्यस्तो जोखिम नरहेको । कम्पनीले कानुनी सल्लाहकार नियुक्त गर्नुको साथै छुट्टै कानून शाखा पनि स्थापना गरेको हुँदा, कुनै पनि आयोजना तथा व्यवसाय शुरु गर्दा संचालक समिति, सल्लाहकार, उच्च व्यवस्थापन र अख्तियार प्राप्त अधिकारीले सवै प्रकृयाहरु पुरा गरेर कार्यान्वयनमा जाने हुँदा त्यस्ता अवरोधहरुलाई न्युनिकरण गर्न सकिन्छ ।

छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** जग्गाको खण्डिकरण, भारत र चीनको तुलनामा उत्पादन लागतमा वृद्धि, जलवायु परिवर्तन लगायतका विश्वव्यापिकरणसंग सम्बन्धित विषयबाट उत्पादन क्षेत्रमा परिवर्तन आउन सक्छ । कम्पनीले पर्याप्त प्राविधिक तथा व्यवस्थापकीय जनशक्तिको व्यवस्थापन, नेपालको भुवनोट, हावापानी, बजार र नेपाल सुहाउँदो वातानुकुलित प्रविधिहरुको अवलम्बन गरी त्यस्ता जोखिमहरुलाई न्युनिकरण गर्ने योजना रहेको छ ।

ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :**

- नेपाल सरकारको कृषि सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट जोखिमहरु श्रृजना हुन सक्ने ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा जोखिमहरु श्रृजना हुन सक्ने ।

कम्पनीले सम्बन्धित क्षेत्रको विज्ञ तथा कर्मचारीहरु नियुक्त गरी कार्यहरु गर्दै गरेको हुँदा तत्सम्बतका नियमहरुमा हुने परिवर्तनको सम्बन्धमा पूर्व जानकारी राखि सोहि अनुसार व्यवस्थापन गर्नेछ । साथै कम्पनीले एकिकृत कृषि प्राधिकरणको विकासको लागि सरकारी निकायहरुसंग नीतिगत बहस पैरवी पनि गरिरहेको सन्दर्भमा, उल्लेखित प्राधिकरणको स्थापना हुन सकेमा स्थिर तथा बजार अनुसारको लगानीमैत्री नीतिगत व्यवस्थापनको वातावरण बन्न सक्दछ ।

झ) **संचालन इतिहासको अभाव :** कृषि क्षेत्र, नेपालको समग्र अर्थतन्त्रको प्रमुख सम्बाहक रहेको, हरेक प्राणिको जीवनचक्रको लागि अतिआवश्यक क्षेत्र भई यो व्यवसाय अन्तर्गत उत्पादन र उपभोग सम्बन्धी अति आवश्यक वस्तु तथा सेवाहरुको नियमित कारोबार हुन्छ । जसको लागि विभिन्न परियोजना छनोट र संचालनको लागि कम्पनीको संचालक, उच्च व्यवस्थापन, विभागिय व्यवस्थापन, प्रादेशिक व्यवस्थापनको साथै केन्द्रिय र क्षेत्रीय संरचनाहरुको पनि उचित व्यवस्थापन गरिसकेको सन्दर्भमा संस्थागत व्यवस्थापनको मार्फतबाट कम्पनीलाई उत्कृष्ट रुपमा संचालन गर्न सकिने आधारहरु रहेका छन ।

ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** कृषिको उत्पादन, प्रशोधन लगायतका क्रियाकलापमा विभिन्न नयाँ उत्पादन प्रविधि, बिउबीजनका जातहरु, मेसिनरी, औजार तथा उपकरणहरु परिवर्तन हुने भएतापनि कम्पनीले “सवृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि” भन्ने मुल मन्त्र सहित नयाँ प्रविधिहरुको उत्पादन, प्रयोग र विकासमा नै काम गरिरहेको सन्दर्भमा प्रविधिको परिवर्तनबाट हुने जोखिमलाई समयमा नै अनुसरण गरी जोखिमलाई न्युनिकरण गर्न सकिन्छ ।

ट) **अन्य :** अन्य उल्लेख गर्नुपर्ने नभएको ।

**<u>सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।</u>**

- बजार उपयोगी तथा मागमा आधारित वस्तु तथा सेवाहरु उत्पादन र बजारिकरण गर्ने ।
- कृषि उत्पादन र बजारीकरण सम्बन्धी अनुसन्धान विभागलाई थप सशक्त र प्रभावकारी बनाउने ।
- गुणस्तर चेकजाँच सम्बन्धी ल्यावहरुको स्थापना गर्ने ।

- कृषिसंग सम्बन्धित विषयका विशेषज्ञहरुलाई सल्लाहकारको रुपमा कम्पनीमा आवद्ध गराउने ।
- कृषिसंग सम्बन्धित विभिन्न व्यवसायहरुको लागि सहायक कम्पनीको स्थापना गरी विशिष्टकृत कृषि वस्तु तथा सेवाहरु उपलब्ध गराउने ।
- स्थानिय सम्भावनामा आधारीत अनुसन्धान, विकास र विस्तारको लागि फार्म उत्कृष्टता केन्द्रको स्थापना गर्ने ।
- स्थानीय उत्पादनलाई खेर जान नदिन सहकारीमा आधारीत स्थानिय साना तथा घरेलु उद्योगहरुको स्थापना गर्ने ।
- कृषि व्यवसायमा युवा पुस्तालाई आकर्षित गर्न उद्यम केन्द्रको स्थापना र संचालन गर्ने ।
- स्थानिय श्रोतहरु प्रयोग गरी जैविक मल र जैविक विषादीहरुको उत्पादन र बजारीकरण गर्दै आयातलाई न्युनिकरण गर्ने ।
- बजार केन्द्रहरुको स्थापना गरी संस्थागत बजारको माध्यमबाट कृषकहरुलाई टेवा पुर्याउने ।
- स्थानीय र वातावरण उपयोगि प्रविधिहरुको विकास र प्रवर्द्धन गर्ने ।
- खाद्य साक्षरता अभियानको मार्फतबाट उपभोक्ता शिक्षा संचालन गर्दै खाद्यान्नको उपयोगलाई व्यवस्थित गर्ने ।

साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बीमा गरिएको छ ।

**बीमा** : कम्पनीले आफ्नो सम्पत्ति वा व्यवसाय सम्बन्धमा जोखिम न्यूनिकरणका लागि गरिएको बीमा सम्बन्धी विवरण तल उल्लेख गरिएको छ ।

| क्र.स | विवरण | बीमा रकम | बीमा प्रिमियम | बीमा प्रारम्भ मिति | बीमा समाप्त मिति | बीमा कम्पनीको नाम | बीमाले बहन गरेको जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | मौज्दात-काठमाण्डौं | १०,००,००,००० | २,७५,०४० | २०२३/०९/२३ | २०२४/०९/२२ | नेपाल इन्सोरेन्स कम्पनी लि. | हुलदंगा हड्ताल तथा आतंकवाद तथा विक्रिका लागि पसल तथा गोदाममा रहेका कृषि सम्बन्धि सामाग्रीहरु |
| २ | मौज्दात - बिरेन्द्रनगर | ७५,००,००० | १३,८७५ | २०२३/०३/०२ | २०२४/०३/०१ | प्रुडेन्सियल इन्सोरेन्स कम्पनी लि. | हुलदंगा हड्ताल तथा आतंकवाद तथा विभिन्न प्रकारको रसायनिक मल तथा कृषि सामाग्रीहरु |
| ३ | मौज्दात - पोखरा | २,००,००,००० | ३७,००० | २०२३/०३/०२ | २०२४/०३/०१ | प्रुडेन्सियल इन्सोरेन्स कम्पनी लि. | हुलदंगा हड्ताल तथा आतंकवाद तथा विभिन्न प्रकारको रसायनिक मल तथा कृषि सामाग्रीहरु |
| ४ | मौज्दात - भरतपुर | ४,५०,००,००० | ८३,२५० | २०२३/०३/०२ | २०२४/०३/०१ | प्रुडेन्सियल इन्सोरेन्स कम्पनी लि. | हुलदंगा हड्ताल तथा आतंकवाद तथा विभिन्न प्रकारको रसायनिक मल तथा कृषि सामाग्रीहरु |
| ५ | मौज्दात - बुटवल | २,००,००,००० | ३७,००० | २०२३/०३/०२ | २०२४/०३/०१ | प्रुडेन्सियल इन्सोरेन्स कम्पनी लि. | हुलदंगा हड्ताल तथा आतंकवाद तथा विभिन्न प्रकारको रसायनिक मल तथा कृषि सामाग्रीहरु |
| ६ | सवारी साधान | २९,००,००० | २२,५९९ | २०२३/०३/०९ | २०२४/०३/०७ | नेको इन्सोरेन्स लि. | सवारी दुर्घटना, तेश्रो पक्ष दायित्व, चालक र यात्रुको दुर्घटना |
| ७ | सवारी साधन | १,८०,००० | ३,४६७.४ | २०२२/१०/१२ | २०२३/१०/११ | अजोड इन्सोरेन्स लि. | सवारी दुर्घटना, तेश्रो पक्ष दायित्व, चालक र यात्रुको दुर्घटना |
| ८ | सवारी साधन | ३२,२५,००० | २६,३४५.३८ | २०२३/०९/२० | २०२४/०९/१९ | दि ओरियण्टल इन्सोरेन्स कम्पनी लि. | सवारी दुर्घटना, तेश्रो पक्ष दायित्व, चालक र यात्रुको दुर्घटना |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :** रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.व.२०७८/०७९ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको यथार्थ रुपरेखा यस प्रकार छ :

**वासलात**

| विवरण | आ.व.०७८/०७९ (रकम रु.) |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ५०,८४६,११३ |
| अमुर्त सम्पत्ति | ५४७,८४२ |
| **जम्मा गैर चालु सम्पत्ति** | **५१,३९३,९५५** |
| **चालु सम्पति** | |
| मौज्दात | १५१,५६४,०७५ |
| व्यापार र अन्य आसामी | १०७,९४७,२५७ |
| आयकर सम्पत्ति | ५,१०६,५७१ |
| लगानी | ४८,८६५,६०३ |
| अग्रिम भुक्तानी | १,६०७,६३९ |
| नगद र नगद समान | ५,९१५,१८० |
| स्थगित कर सम्पत्ति | ३२,८५२,४२३ |
| अन्य चालु सम्पत्ति | - |
| **जम्मा चालु सम्पति** | **३५३,८५८,७४८** |
| **कुल सम्पत्ति** | **४०५,२५२,७०३** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ३६०,०००,००० |
| अन्य पूँजी | (१५,५६६,७१७) |
| जगेडा कोष | (६७,९००,५२७) |
| **जम्मा पूँजी** | **२७६,५३२,७५६** |
| **दायित्व** | |
| **गैर चालू दायित्व** | |
| स्थगित कर दायित्व | - |
| **जम्मा गैर चालू दायित्व** | - |
| **चालू दायित्व** | |
| व्यापार र अन्य वित्तीय दायित्व | ७१,६५०,८२३ |
| व्यवस्था | २,३७५,१२४ |
| चालू कर दायित्व | - |
| अल्पकालिन ऋण | ५४,६९४,००० |
| **जम्मा चालू दायित्व** | **१२८,७१९,९४७** |
| **कुल पुँजी तथा दायित्व** | **४०५,२५२,७०३** |

## नाफा नोक्सान हिसाब

| विवरण | आ.व.०७८/०७९ (रकम रु.) |
|---|---|
| संचालन आय | १९२,०६९,७७३ |
| घट : व्यापरिक मौज्दातको निसर्गबाट प्राप्त रकम | १४६,३११,४३८ |
| **कुल नाफा/नोक्सान** | **४५,७५८,३३४** |
| अन्य आम्दानी | २,८२५,९७८ |
| **कुल आम्दानी** | ४८,५८४,३१३ |
| **संचालन लागत** | |
| कर्मचारी खर्च | २९,७२४,८०३ |
| अन्य संचालन खर्च | १२०,०१२,८९७ |
| वित्तीय खर्च | ६,३१६,५७८ |
| ह्रासकट्टी र परिशोधन खर्च | ७,०५१,७१९ |
| **कुल संचालन खर्च** | **१६३,१०५,९९७** |
| गैर संचालन खर्च | २३,३४६,८४९ |
| **कुल खर्च** | **१८६,४५२,८४६** |
| **कर अधिको नाफा** | **(१३७,८६८,५३३)** |
| **कर खर्च** | |
| चलु कर | - |
| स्थगीत कर | (३५,१४०,९८३) |
| **कुल कर खर्च** | **(३५,१४०,९८३)** |
| **खुद नाफा/नोक्सान** | **(१०२,७२७,५५०)** |

## नगद  प्रवाह विवरण

| विवरण | आ.व.०७८/०७९ रकम रु. |
|---|---|
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | |
| **कर अधिको नाफा** | (१३७,८६८,५३३) |
| समायोजन : | |
| ह्रास कट्टी तथा परिशोधन | ७,०५१,७१९ |
| ब्याज आम्दानी | (२,५२२,३२१) |
| व्यवस्था तथा गैर नगद खर्च | - |
| लगानी व्यवस्थापनबाट भएको आम्दानी | |
| धितोपत्रको परिशाोधित मुल्यमा परिवर्तन | २२,४३१,८६१ |
| स्थीर सम्पत्तिको बिक्रीमा लाभ/हानि | - |
| विविध आम्दानी | - |
| **कार्यशिल पूँजीको परिवर्तन अधिको संचालन नगद प्रवाह** | **(११०,९०७,२७४)** |
| **कार्यशिल पूँजीको परिवर्तन** | |
| मौज्दातमा भएको कमी/(वृद्धि) | (१००,२५८,७७१) |
| व्यापार र अन्य आसामीमा भएको कमी/(वृद्धि) | ३२,९६५,२४१ |
| अन्य चालु सम्पत्तिमा भएको कमी/(वृद्धि) | (२,२०२,८३१) |
| अन्य वित्तीय दायित्वमा भएको वृद्धि/(कमी) | ५७,८२३,७१५ |
| अन्य दायित्वमा भएको वृद्धि/(कमी) | ५६,५८७,१०६ |
| आयकर भुक्तान | - |
| (क) **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(६५,९९२,८१४)** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | |
| ब्याज आम्दानी | २,५२२,३२१ |
| लगानीमा भएको कमी/(वृद्धि) | ३४,८०९,०६१ |

| | |
|---|---|
| धितोपत्रको बिक्रीबाट आम्दानी | - |
| धितोपत्रको परिशोधित मुल्यको परिवर्तनमा आय | (२२,४३१,८६१) |
| सम्पत्ति, प्लान्ट र उपकरण खरिदको भुक्तानी | (३५,९७८,९९५) |
| अमुर्त सम्पत्तिमा भएको कमी/(वृद्धि) | (२४,०००) |
| स्थीर सम्पत्तिको बिक्रीमा लाभ/हानि | - |
| **(ख) लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(२१,१०३,४७४)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | |
| शेयर पूँजीमा वृद्धि | - |
| जगेडा कोषमा समायोजन | ३४०,४५४ |
| शेयर प्रिमियममा वृद्धि | - |
| पूँजी रिजर्भमा भएको वृद्धि/(कमी) | - |
| **(ग) वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **३४०,४५४** |
| **नगदमा भएको कुल वृद्धि र कमी (क + ख + ग)** | **(८६,७५५,८३३)** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **९२,६७१,०१३** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **५,९१५,१८०** |

ख) **सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण :** यस कम्पनीको विगत तीन आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह सहितको वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | वास्तविक (रकम रु.) | | |
|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/०७८ | आ.व.०७८/०७९ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरण | १५,७३७,८३८ | २१,७७५,५२२ | ५०,८४६,११३ |
| अर्मुत सम्पत्ति | २७,६८५ | ६६७,१५७ | ५४७,८४२ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१५,७६५,५२३** | **२२,४४२,६७९** | **५१,३९३,९५५** |
| **चालु सम्पति** | | | |
| मौज्दात | १०,६२८,८१३ | ५१,३०५,३०४ | १५१,५६४,०७५ |
| व्यापार र अन्य आसामी | १०,७०२,८२२ | १४०,९१२,४९८ | १०७,९४७,२५७ |
| आयकर सम्पत्ति | १,३२९,०२७ | ३,८८७,८६८ | ५,१०६,५७१ |
| लगानी | - | ८३,६७४,६६४ | ४८,८६५,६०३ |
| अग्रिम भुक्तानी | - | ६२३,५११ | १,६०७,६३९ |
| नगद र नगद समान | १५९,३५०,६१० | ९२,६७१,०१३ | ५,९१५,१८० |
| स्थगित कर सम्पत्ति | - | - | ३२,८५२,४२३ |
| अन्य चालु सम्पत्ति | १,४०८,२६१ | - | - |
| **जम्मा चालु सम्पति** | **१८३,४१९,५३३** | **३७३,०७४,८५८** | **३५३,८५८,७४८** |
| **कुल सम्पत्ति** | **१९९,१८५,०५६** | **३९५,५१७,५३७** | **४०५,२५२,७०३** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १८०,०००,००० | ३६०,०००,००० | ३६०,०००,००० |
| अन्य पूँजी | - | ५,७२०,८०६ | (१५,५६६,७१७) |
| जगेडा कोष | १७,०१९,८९४ | १३,१९९,०४५ | (६७,९००,५२७) |
| **जम्मा पूँजी** | **१९७,०१९,८९४** | **३७८,९१९,८५१** | **२७६,५३२,७५६** |
| **दायित्व** | | | |
| **गैर चालू दायित्व** | | | |
| स्थगित कर दायित्व | ४१४,७२४ | २,२८८,५६० | - |
| **जम्मा गैर चालू दायित्व** | **४१४,७२४** | **२,२८८,५६०** | **-** |
| **चालू दायित्व** | | | |

| | | | |
|---|---|---|---|
| व्यापार र अन्य वित्तीय दायित्व | १,६९७,६७८ | १३,८२७,१०८ | ७१,६५०,८२३ |
| व्यवस्था | ५२,७६० | ४८२,०१८ | २,३७५,१२४ |
| चालू कर दायित्व | - | - | - |
| अल्पकालिन ऋण | - | - | ५४,६९४,००० |
| **जम्मा चालू दायित्व** | **१,७५०,४३८** | **१४,३०९,१२६** | **१२८,७१९,९४७** |
| **कुल पुँजी तथा दायित्व** | **१९९,१८५,०५६** | **३९५,५१७,५३७** | **४०५,२५२,७०३** |

## नाफा नोक्सान हिसाब

| विवरण | वास्तविक (रकम रु.) | | |
|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/०७८ | आ.व.०७८/०७९ |
| संचालन आय | १५,३०३,५३७ | ९८,४२४,९९४ | १९२,०६९,७७३ |
| घट : व्यापरिक मौज्दातको निसर्गबाट प्राप्त रकम | १३,१३७,२१८ | ८२,६१०,१३३ | १४६,३११,४३८ |
| **कुल नाफा/नोक्सान** | **२,१६६,३१९** | **१५,८१४,८६१** | **४५,७५८,३३४** |
| अन्य आम्दानी | १७,१४५,४४४ | २८,३५०,०६३ | २,८२५,९७८ |
| **कुल आम्दानी** | **१९,३११,७६३** | **४४,१६४,९२४** | **४८,५८४,३१३** |
| **संचालन लागत** | | | |
| कर्मचारी खर्च | ५,०२१,४३६ | १७,२९२,५२७ | २९,७२४,८०३ |
| अन्य संचालन खर्च | ५,२७९,३८४ | २०,०६६,८९६ | १२०,०१२,८९७ |
| वित्तीय खर्च | - | २००,००० | ६,३१६,५७८ |
| ह्रासकट्टी र परीशोधन खर्च | २,०४८,७५४ | ४,०८८,८८७ | ७,०५१,७१९ |
| **कुल संचालन खर्च** | **१२,३४९,५७३** | **४१,६४८,३१०** | **१६३,१०५,९९७** |
| गैर संचालन खर्च | - | - | २३,३४६,८४९ |
| **कुल खर्च** | **१२,३४९,५७३** | **४१,६४८,३१०** | **१८६,४५२,८४६** |
| **कर अघिको नाफा** | **६,९६२,१९०** | **२,५१६,६१४** | **(१३७,८६८,५३३)** |
| **कर खर्च** | | | |
| चालु कर | १,५७२,४९८ | - | - |
| स्थगीत कर | (३६,४०६) | १,८७३,८३६ | (३५,१४०,९८३) |
| **कुल कर खर्च** | **१,५३६,०९२** | **१,८७३,८३६** | **(३५,१४०,९८३)** |
| **खुद नाफा/नोक्सान** | **५,४२६,०९८** | **६४२,७७७** | **(१०२,७२७,५५०)** |

## नगद प्रवाह विवरण

| विवरण | वास्तविक (रकम रु.) | | |
|---|---|---|---|
| | आ.व. ०७६/७७ | आ.व.०७७/०७८ | आ.व.०७८/०७९ |
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | | | |
| **कर अघिको नाफा** | **६,९६२,१९०** | **२,५१६,६१४** | **(१३७,८६८,५३३)** |
| **समायोजन :** | | | |
| ह्रास कट्टी तथा परिशोधन | २,०४८,७५४ | ४,०८८,८८७ | ७,०५१,७१९ |
| ब्याज आम्दानी | (१७,१४५,४४४) | (४,७८९,८०५) | (२,५२२,३२१) |
| व्यवस्था तथा गैर नगद खर्च | ५२,७६० | - | - |
| लगानी व्यवस्थापनबाट भएको आम्दानी | - | (१५,८५१,३००) | - |
| धितोपत्रको परिशाोधित मुल्यमा परिवर्तन | - | (५,९५१,५०३) | २२,४३१,८६१ |
| स्थीर सम्पत्तिको बिक्रीमा लाभ/हानि | - | १,३२५,६०८ | - |
| विविध आम्दानी | - | - | - |
| **कार्यशिल पूँजीको परिवर्तन अधिको संचालन नगद प्रवाह** | **(८,०८१,७४०)** | **(१८,६६१,४९९)** | **(११०,९०७,२७४)** |
| **कार्यशिल पूँजीको परिवर्तन** | | | |
| मौज्दातमा भएको कमी/(वृद्धि) | (१०,६२८,८१३) | (४०,६७६,४९१) | (१००,२५८,७७१) |
| व्यापार र अन्य आसामीमा भएको कमी/(वृद्धि) | (१०,४२०,६२०) | (१२९,००९,५०१) | ३२,९६५,२४१ |
| अन्य चालु सम्पत्तिमा भएको कमी/(वृद्धि) | (१,०७१,०८३) | (२,९७४,२६६) | (२,२०२,८३१) |
| अन्य वित्तीय दायित्वमा भएको वृद्धि/(कमी) | १,५९१,०६४ | १२,१२९,४३० | ५७,८२३,७१५ |
| अन्य दायित्वमा भएको वृद्धि/(कमी) | - | ४२९,२५८ | ५६,५८७,१०६ |
| आयकर भुक्तान | (३,०७१,८१७) | - | - |

| | | | |
|---|---|---|---|
| **(क) संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(३१,६८३,००९)** | **(१७८,७६३,०६९)** | **(६५,९९२,८१४)** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | | | |
| ब्याज आम्दानी | १७,१४५,४४४ | ४,७८९,८०५ | २,५२२,३२१ |
| लगानीमा भएको कमी/(वृद्धि) | - | (८३,६७४,६६४) | ३४,८०९,०६१ |
| धितोपत्रको बिक्रीबाट आम्दानी | - | १५,८५१,३०० | - |
| धितोपत्रको परिशोधित मुल्यको परिवर्तनमा आय | - | ५,९५१,५०३ | (२२,४३१,८६१) |
| सम्पत्ति, प्लान्ट र उपकरण खरिदको भुक्तानी | (७,८७०,०६१) | (१०,०९९,३४३) | (३५,९७८,९९५) |
| अमुर्त सम्पत्तिमा भएको कमी/(वृद्धि) | - | (६६६,७००) | (२४,०००) |
| स्थीर सम्पत्तिको बिक्रीमा लाभ/हानि | - | (१,३२५,६०८) | - |
| **(ख) लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **९,२७५,३८३** | **(६९,१७३,७०६)** | **(२१,१०३,४७४)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | | |
| शेयर पूँजीमा बद्वि | - | १८०,०००,००० | - |
| जगेडा कोषमा समायोजन | - | - | ३४०,४५४ |
| शेयर प्रिमियममा बृद्धि | - | - | - |
| पूँजी रिजर्भमा भएको वृद्धि/(कमी) | - | १,२५७,१७९ | - |
| **(ग) वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **-** | **१८१,२५७,१७९** | **३४०,४५४** |
| **नगदमा भएको कुल वृद्धि र कमी (क + ख + ग)** | **(२२,४०७,६२६)** | **(६६,६७९,५९६)** | **(८६,७५५,८३३)** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **१८१,७५८,२३६** | **१५९,३५०,६०९** | **९२,६७१,०१३** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **१५९,३५०,६१०** | **९२,६७१,०१३** | **५,९१५,१८०** |

ग) **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :** यस कम्पनीको आ.व.२०७९/०८० को अपरिष्कृत **समष्टिकृत वित्तीय विवरण** देहाय बमोजिम छ :

**समष्टिकृत वासलात**

| विवरण | अपरिष्कृत (रकम रु.) |
|---|---|
| | आ.व.०७९/०८० |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ७८,३८५,५१५ |
| अर्मुत सम्पत्ति | ४,४५६,१९५ |
| **जम्मा गैर चालु सम्पत्ति** | **८२,८४१,७१०** |
| **चालु सम्पति** | |
| मौज्दात | २००,४३३,१९६ |
| व्यापार र अन्य आसामी | २५१,०६६,६३६ |
| आयकर सम्पत्ति | ५,२७५,३७९ |
| लगानी | ६०,३७५,१७२ |
| अग्रिम भुक्तानी | १,९४२,४७० |
| नगद र नगद समान | ५८,७७८,९३३ |
| स्थगित कर सम्पत्ति | ३१,३४२,१९५ |
| अन्य चालु सम्पत्ति | - |
| **जम्मा चालु सम्पति** | **६०९,२१३,९८२** |
| **कुल सम्पत्ति** | **६९२,०५५,६९२** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ५६०,०००,००० |
| अन्य पूँजी | (५,८२७,९०७) |
| संचित मुनाफा | (५०,६२५,०४६) |
| **जम्मा पूँजी** | **५०३,५४७,०४७** |
| **दायित्व** | |
| **गैर चालू दायित्व** | |

| | |
|---|---:|
| स्थगित कर दायित्व | - |
| **जम्मा गैर चालू दायित्व** | **-** |
| **चालू दायित्व** | |
| व्यापार र अन्य वित्तीय दायित्व | ८१,७३७,७२३ |
| व्यवस्था | २,३५८,२६४ |
| चालू कर दायित्व | - |
| अल्पकालिन ऋण | १०४,४१२,६५८ |
| **जम्मा चालू दायित्व** | **१८८,५०८,६४५** |
| **कुल पुंजी तथा दायित्व** | **६९२,०५५,६९२** |

**समष्टिकृत नाफा नोक्सान हिसाब**

| विवरण | अपरिष्कृत (रकम रु.) |
|---|---|
| | आ.व.०७९/०८० |
| संचालन आय | ४०१,९५५,०८८ |
| घटः व्यापरिक मौज्दातको निसर्गबाट प्राप्त रकम | २९२,५४२,११३ |
| **कुल नाफा/नोक्सान** | **१०९,४१२,९७६** |
| अन्य आम्दानी | ११,५४४,३१९ |
| **कुल आम्दानी** | **१२०,९५७,२९५** |
| **संचालन लागत** | |
| कर्मचारी खर्च | ३८,३३३,४९८ |
| अन्य संचालन खर्च | ३८,९८२,३६९ |
| वित्तीय खर्च | १७,१९०,५५९ |
| ह्रासकट्टी र परीशोधन खर्च | ७,५७५,७१० |
| **कुल संचालन खर्च** | **१०२,०८२,१३६** |
| गैर संचालन खर्च | ८९,४०१ |
| **कुल खर्च** | **१०२,१७१,५३७** |
| **कर अघिको नाफा** | **१८,७८५,७५८** |
| कर खर्च | - |
| चालु कर | - |
| स्थगीत कर | १,५१०,२२८ |
| **कुल कर खर्च** | **१,५१०,२२८** |
| **खुद नाफा/नोक्सान** | **१७,२७५,५३०** |

**समष्टिकृत नगद प्रवाह विवरण**

| विवरण | अपरिष्कृत (रकम रु.) |
|---|---|
| | आ.व.०७९/०८० |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| **कर अघिको नाफा** | **१८,७८५,७५८** |
| **समायोजन :** | |
| ह्रास कट्टी तथा परिशोधन | ७,५७५,७१० |
| ब्याज आम्दानी | (१,१३७,०८७) |
| व्यवस्था तथा गैर नगद खर्च | - |
| लगानी व्यवस्थापनबाट भएको आम्दानी | - |
| धितोपत्रको परिशाोधित मूल्यमा परिवर्तन | - |
| स्थीर सम्पत्तिको बिक्रीमा लाभ/हानि | (१४६,११८) |
| विविध आम्दानी | - |
| **कार्यशिल पूँजीको परिवर्तन अधिको संचालन नगद प्रवाह** | **२५,०७८,२६२** |
| **कार्यशिल पूँजीको परिवर्तन** | |

| | |
|---|---|
| मौज्दातमा भएको कमी/(वृद्धि) | (४८,८६९,१२१) |
| व्यापार र अन्य आसामीमा भएको कमी/(वृद्धि) | (१४३,११९,३७९) |
| अन्य चालु सम्पत्तिमा भएको कमी/(वृद्धि) | (५०३,६३९) |
| अन्य वित्तीय दायित्वमा भएको वृद्धि/(कमी) | १०,०८६,९०० |
| अन्य दायित्वमा भएको वृद्धि/(कमी) | ४९,७०१,७९७ |
| आयकर भुक्तान | – |
| **(क) संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(१०७,६२५,१७९)** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | |
| ब्याज आम्दानी | १,१३७,०८७ |
| लगानीमा भएको कमी/(वृद्धि) | (११,५०९,५७०) |
| धितोपत्रको बिक्रीबाट आम्दानी | – |
| धितोपत्रको परिशाोधित मूल्यको परिवर्तनमा आय | – |
| सम्पत्ति, प्लान्ट र उपकरण खरिदको भुक्तानी | (३४,९५८,७९६) |
| अमुर्त सम्पत्तिमा भएको कमी/(वृद्धि) | (४,०६४,६६९) |
| स्थीर सम्पत्तिको बिक्रीमा लाभ/हानि | १४६,११८ |
| **(ख) लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(४९,२४९,८३०)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | |
| शेयर पूँजीमा वृद्धि | २००,०००,००० |
| जगेडा कोषमा समायोजन | (४८) |
| शेयर प्रिमियममा वृद्धि | ९,७३८,८१० |
| पूँजी रिजर्भमा भएको वृद्धि/(कमी) | – |
| **(ग) वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **२०९,७३८,७६१** |
| **नगदमा भएको कुल वृद्धि र कमी (क + ख + ग)** | **५२,८६३,७५३** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **५,९१५,१८०** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **५८,७७८,९३३** |

**घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण:** सो नभएको ।

**ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

**च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने:** सो नभएको ।

**छ) विगत ५ वर्षमा सम्पत्तिको पुर्नमूल्याङ्कन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुर्नमूल्याङ्कन अघि र पछिको किताबी मूल्य (ई) पुर्नमूल्याङ्कको औचित्य :**सो नभएको ।

**ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | प्रक्षेपित (रकम रु.) | | |
|---|---|---|---|
| | आ.व.०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व.०८२/०८३ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ८७,९२५,२८७ | ९५,८१९,२९६ | ९९,५२९,२०३ |
| अमूर्त सम्पत्ति | ३,९९८,२८९ | ३,५५३,३२१ | ३,१७५,०९९ |
| जैविक सम्पत्ति | ६००,००० | २,६००,००० | ७,६००,००० |
| लगानी | २३०,३१२,६९० | २३८,८७४,३८४ | २५८,२९२,२४८ |
| स्थगित कर सम्पत्ति | ३७,७९१,१८९ | ३७,७९१,१८९ | ३७,७९१,१८९ |
| **जम्मा गैर चालु सम्पत्ति** | **३६०,६२७,४५५** | **३७८,६३८,१९०** | **४०६,३८७,७३८** |
| **चालु सम्पत्ति** | | | |

| | | | |
|---|---|---|---|
| मौज्दात | २३४,५३२,०९१ | २५७,९८५,३०० | २७६,०४४,२७१ |
| व्यापार र अन्य आसामी | २४१,५०२,९३५ | २८३,४८४,०१२ | ३७०,२२९,१५२ |
| घटः खराब ऋण प्रावधान | (१२,०७५,१४७) | (१४,१७४,२०१) | (१८,५११,४५८) |
| खुद व्यापार र अन्य आसामी | २२९,४२७,७८८ | २६९,३०९,८११ | ३५१,७१७,६९४ |
| अग्रिम तथा निक्षेप | १०२,१९७,३५२ | ११२,४१७,०८८ | १२३,६५८,७९६ |
| चालू कर सम्पत्ति | ९,१२७,९८८ | ३३,०३९,८०४ | ५८,८७३,९७२ |
| नगद र नगद समान | ५१,९१३,८२८ | ६,९६३,५३७ | १२,१७१,१४८ |
| **जम्मा चालु सम्पत्ति** | **६२७,१९९,०४७** | **६७९,७१५,५३९** | **८२२,४६५,८८१** |
| **जम्मा सम्पत्ति** | **९८७,८२६,५०३** | **१,०५८,३५३,७३०** | **१,२२८,८५३,६१९** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ७००,०००,००० | ७७०,०००,००० | ८५४,७००,००० |
| शेयर प्रिमियम | ९,७३८,८१० | - | - |
| संचित मूनाफा | ६,२७२,४६२ | ५६,१४३,९५१ | १०७,६९०,५२३ |
| जगेडा तथा कोष | (७,७८३,३५९) | ७७८,३३६ | १०,१९६,२०० |
| **जम्मा पूँजी** | **७०८,२२७,९१३** | **८२६,९२२,२८७** | **९७२,५८६,७२२** |
| **अन्य गैर चालु दायित्व** | | | |
| ऋण तथा सापटी | - | - | - |
| परिभाषित कर्मचारी लाभ | ८,७५५,०५५ | ९,६३०,५६१ | १०,५९३,६१७ |
| लिज दायित्व | - | - | - |
| स्थगन कर दायित्व | - | - | - |
| **जम्मा गैर चालु दायित्व** | **८,७५५,०५५** | **९,६३०,५६१** | **१०,५९३,६१७** |
| **चालु दायित्व** | | | |
| व्यापार र अन्य वित्तीय दायित्व | १०२,१३७,७२५ | २९,०६८,२२७ | ३५,४७८,३८० |
| अल्पकालीन ऋण तथा सापटी | १६८,७०५,८१० | १३९,७०५,८१० | ११५,७०५,८१० |
| व्यवस्था | - | १६,३१५,९५२ | २९,०७३,५६६ |
| चालू कर दायित्व | - | ३६,७१०,८९३ | ६५,४१५,५२४ |
| **जम्मा चालू दायित्व** | **२७०,८४३,५३५** | **२२१,८००,८८२** | **२४५,६७३,२८०** |
| **जम्मा दायित्व** | **२७९,५९८,५९०** | **२३१,४३१,४४३** | **२५६,२६६,८९७** |
| **जम्मा पूँजी तथा दायित्व** | **९८७,८२६,५०३** | **१,०५८,३५३,७३०** | **१,२२८,८५३,६१९** |

## नाफा नोक्सान हिसाब

| विवरण | प्रक्षेपित (रकम रु.) | | |
|---|---|---|---|
| | आ.व.०८०/०८१ | आ.व.०८१/०८२ | आ.व.०८२/०८३ |
| संचालन आय | ७३०,१६६,७३२ | १,०२०,५४२,४४२ | १,३३२,८२४,९४६ |
| घट : व्यापरिक मौज्दातको निसर्गबाट प्राप्त रकम | (५३०,१९८,५३३) | (६९७,६३७,४४३) | (८५१,४८१,१२५) |
| **कुल नाफा/(नोक्सान)** | **१९९,९६८,१९९** | **३२२,९०४,९९९** | **४८१,३४३,८२१** |
| अन्य आम्दानी | ५,३०५,४५७ | ५,८३६,००२ | ६,४१९,६०२ |
| **कुल आम्दानी** | **२०५,२७३,६५५** | **३२८,७४१,००२** | **४८७,७६३,४२४** |
| **अन्य संचालन खर्च** | | | |
| कर्मचारी खर्च | (६१,८५१,४६७) | (६६,७९९,५८५) | (७३,४७९,५४३) |
| प्रशासनिक खर्च | (५७,०२३,५९०) | (६२,७२५,९४९) | (८७,८१६,३२९) |
| वित्तीय खर्च | (१३,१५८,५२३) | (२१,४०५,९३०) | (१७,७२६,३१७) |
| ह्रासकट्टी र परीशोधन खर्च | (९,८७२,४०४) | (१२,५५०,९५९) | (१३,६६८,३१६) |
| खराब कर्जा प्रावधान | (२,२९१,०९३) | (२,०९९,०५४) | (४,३३७,२५७) |
| **जम्मा संचालन खर्च** | **(१४४,१९७,०७७)** | **(१६५,५८१,४७७)** | **(१९७,०२७,७६२)** |
| **गैर संचालन खर्च** | - | - | - |
| **जम्मा खर्च** | **(१४४,१९७,०७७)** | **(१६५,५८१,४७७)** | **(१९७,०२७,७६२)** |
| **कर तथा बोनश अघिको नाफा** | **६१,०७६,५७९** | **१६३,१५९,५२५** | **२९०,७३५,६६२** |
| कर्मचारी बोनस व्यवस्था | | (१६,३१५,९५२) | (२९,०७३,५६६) |
| **कर अघिको नाफा /(नोक्सान)** | ६१,०७६,५७९ | १४६,८४३,५७२ | २६१,६६२,०९६ |

| | | | |
|---|---|---|---|
| **आयकर खर्च** | | | |
| चालु कर | | (३६,७१०,८९३) | (६५,४१५,५२४) |
| स्थगीत कर | - | - | - |
| **कुल कर खर्च** | **-** | **(३६,७१०,८९३)** | **(६५,४१५,५२४)** |
| **खुद नाफा/नोक्सान** | **६१,०७६,५७९** | **११०,१३२,६७९** | **१९६,२४६,५७२** |

## नगद  प्रवाह विवरण

| विवरण | प्रक्षेपित (रकम रु.) | | |
|---|---|---|---|
| | आ.व.०८०/०८१ | आ.व.०८१/०८२ | आ.व.०८२/०८३ |
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | | | |
| **आयकर अघिको नाफा/(नोक्सान)** | **६१,०७६,५७९** | **११०,१३२,६७९** | **१९६,२४६,५७२** |
| **समायोजन :** | | | |
| ह्रासकट्टी/सम्पत्ति, प्लान्ट र उपकरणमा ह्रास | ९,८७२,४०४ | १२,५५०,९५९ | १३,६६८,३१६ |
| ब्याज आम्दानी | (५,३०५,४५७) | (५,८३६,००२) | (६,४१९,६०२) |
| ब्याज खर्च | १३,१५८,५२३ | २१,४०५,९३० | १७,७२६,३१७ |
| आयकर खर्च | - | ३६,७१०,८९३ | ६५,४१५,५२४ |
| **कार्यशिल पूँजीको समायोजन :** | | | |
| मौज्दातमा भएको कमी/(वृद्धि) | (३७,७४५,७५७) | (२३,४५३,२०९) | (१८,०५८,९७१) |
| व्यापार र अन्य आसामीमा भएको कमी/(वृद्धि) | (४३,५२७,०५७) | (३९,८८२,०२३) | (८२,४०७,८८३) |
| अग्रिम तथा निक्षेपमा भएको कमी/(वृद्धि) | (५०,१७९,५११) | (१०,२१९,७३५) | (११,२४१,७०९) |
| आयकर प्राप्तिमा भएको कमी/(वृद्धि) | (३,८५२,६०९) | (२३,९११,८१६) | (२५,८३४,१६८) |
| व्यापार र अन्य भुक्तानमा भएको वृद्धि/(कमी) | १४,३३४,३११ | (७३,०६९,४९८) | ६,४१०,१५३ |
| अन्य दायित्वमा भएको वृद्धि/(कमी) | ६,३९६,७९१ | १७,१९१,४५८ | १३,७२०,६७० |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **(३५,७७१,७८४)** | **२१,६१९,६३६** | **१६९,२२५,२१९** |
| आयकर भुक्तानी | - | - | (३६,७१०,८९३) |
| **(क) संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(३५,७७१,७८४)** | **२१,६१९,६३६** | **१३२,५१४,३२६** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| बिक्री/(सम्पत्ति, प्लान्ट र उपकरण/अूर्मत सम्पत्तिको खरिद) | (२०,९८१,८५१) | (२०,०००,०००) | (१७,०००,०००) |
| लगानी/वित्तीय सम्पत्तिमा भएको (वृद्धि)/कमी | (१६२,१५४,१५९) | - | (१०,०००,०००) |
| जैविक सम्पत्तिमा भएको (वृद्धि)/कमी | (६००,०००) | (२,०००,०००) | (५,०००,०००) |
| ब्याज/लाभांश प्राप्त | ५,३०५,४५७ | ५,८३६,००२ | ६,४१९,६०२ |
| **(ख) लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१७८,४३०,५५३)** | **(१६,१६३,९९८)** | **(२५,५८०,३९८)** |
| **वित्तीय गतिविधिकबाट नगद प्रवाह** | | | |
| प्राथमिक शेयर निष्काशनबाट प्राप्त रकम | १४०,०००,००० | - | - |
| सुरक्षित कर्जा रकम प्राप्त/भुक्तानी | ६५,०००,००० | (२९,०००,०००) | (२४,०००,०००) |
| लाभांश भुक्तान | - | - | (६०,०००,०००) |
| ब्याज भुक्तान | (१३,१५८,५२३) | (२१,४०५,९३०) | (१७,७२६,३१७) |
| **(ग) वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **१९१,८४१,४७७** | **(५०,४०५,९३०)** | **(१०१,७२६,३१७)** |
| **नगदमा भएको कुल वृद्धि र कमी (क+ख+ग)** | **(२२,३६०,८६०)** | **(४४,९५०,२९१)** | **५,२०७,६११** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **७४,२७४,६८८** | **५१,९१३,८२८** | **६,९६३,५३७** |
| नगद र नगद समानको विनियममा लाभ/हानी | - | - | - |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **५१,९१३,८२८** | **६,९६३,५३७** | **१२,१७१,१४८** |

## कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

| विवरण | आ.व.०८०/०८१ | आ.व.०८१/०८२ | आ.व.०८२/०८३ |
|---|---|---|---|
| कुल नाफामा वृद्धि (प्रतिशतमा) | २७% | ३२% | ३६% |
| खूद नाफामा वृद्धि (प्रतिशतमा) | ८% | ११% | १५% |
| नेथ वर्थमा औषत प्रतिफल | ९% | १३% | २०% |
| सम्पत्तिमा औषत प्रतिफल | ६% | १०% | १६% |
| प्रति शेयर आम्दानी | ८.७३ | १४.३० | २२.९६ |

| | | | |
|---|---|---|---|
| चालु सम्पत्ती तथा दायित्वको अनुपात | २.३२ | ३.०६ | ३.३५ |
| ऋण तथा इक्वीटीको अनुपात | ०.२४ | ०.१७ | ०.१२ |
| ऋण तथा पूँजीको अनुपात | ०.१९ | ०.१४ | ०.११ |
| मौज्दात Turnover अवधि | १५९.२ | १३३.१ | ११६.७ |
| प्राप्ती संकलन अवधि | ११९.१ | १००.० | १००.० |
| भुक्तानी अवधि | ६९.४ | १५.० | १५.० |

नेपालको कुल ग्राहास्थ उत्पादनमा करीब २३% योगदान रहने कृषि क्षेत्रको दिगो एवंम् समग्र विकासको लागी ठुलो लगानी, मजबुत व्यवस्थापन र संस्थागत सुशासन अत्यावश्यक हुने सन्दर्भमा कृषिको अर्थतन्त्रमा दिगो टेवा पुर्याइ युवाहरुलाई कृषिमा आकर्षण गराउने अभिप्रायले मुक्तिनाथ कृषि कम्पनी स्थापना भएको हो ।

**<u>वासलातमा गरिएको प्रक्षेपणका आधारहरु देहाय बमोजिम रहेका छन् :</u>**

१. **शेयर पूँजी :** कम्पनीले जारी पूँजीको २० प्रतिशत अर्थात रु. १४ करोड रकम बराबरको शेयर सर्वसाधारणमा निष्काशन गरे पश्चात् कम्पनीको शेयर पूँजी रु ७० करोड हुनेछ ।

२. **व्यापार र अन्य वित्तीय दायित्वहरु :** कम्पनीले तेश्रो वर्षको अन्त्यसम्ममा ट्रेड क्रेडिटर्सलाई ट्रेड डेप्टर्ससँग मिलाएर स्ट्रिमीङ्ग गर्ने योजना बनाएको छ ।
डिस्काउन्टिङ्ग नगद प्रवाहमा १२.३३% का दरले वृद्धि हुनेगरी प्रक्षेपण गरिएको छ । जसमा NFRS १६ बमोजिम सम्पत्ति प्रयोग गर्ने अधिकार र पहिलो पटक अपनाउने लिज दायित्व बराबर मानिएको छ ।

३. **अल्पकालिन ऋण :** कम्पनीसँग हाल व्यवसाय वृद्धि, कोष व्यवस्थापन, बिक्रेता भुक्तानी, व्यवसायिक योजना र रणनीति अनुसार अन्य उद्देश्यका लागि १२ करोडको अल्पकालिन ऋण सीमा रहेको छ । सो ऋण हरेक वर्ष केही हदसम्म चुक्ता हुनेछ र व्यवसाय बढ्दै जाँदा घट्दै जानेछ ।

४. **प्रावधानहरु :** उपदान र बोनस श्रम ऐन, २०१३ र बोनस ऐन, २०३० बमोजिम व्यवस्था गरिएको छ ।

५. **आयकर दायित्वहरु :** आयकर ऐन, २०५८ बमोजिम आयकरको व्यवस्था गरिएको छ ।

६. **सम्पत्ति, प्लान्ट र उपकरण** : कम्पनीले स्थिर सम्पत्तिहरु देहायका वर्षहरुको आधारमा परिशोधन हुने अनुमान गरेको छ ।

| विवरण | उपयोग हुने अनुमानित वर्ष |
|---|---|
| जग्गा | - |
| लीज होल्ड सम्पतीहरु | ५ |
| भवन र संरचनाहरु | ५ |
| कम्प्युटर र सहायक उपकरणहरु | ५ |
| प्लान्ट र मेसिनरी | ५ |
| फर्निचर र फिक्स्चर | ५ |
| सवारी साधन - ४ पाङ्ग्रे | ७ |
| सवारी साधन - २ पाङ्ग्रे | ५ |
| कार्यालय उपकरण र मेसिनरीहरु | ५ |
| अन्य स्थिर सम्पत्तिहरु | ५ |
| अमूर्त सम्पत्ति | ५ |

७. **लगानी :** मुख्यतया ८ सहायक कम्पनीहरुमा गरिएको लगानी र कम्पनीले लिएको अन्य व्यवसायिक लगानी उल्लेख गरिएको छ ।

८. **व्यापार प्राप्ती :** आर्थिक वर्ष २०८०/८१ को व्यापार प्राप्ती गत वर्षको रिकभरी प्रवृत्तिको आधारमा गणना गरिएको छ । औषत ऋणी बक्यौता करिब ९० दिन कायम गर्नुपर्नेछ र कम्पनीले सो समयलाई अगामी वर्षहरुमा ६० देखि ७० दिनमा घटाउने योजना बनाएको छ ।

९. **अन्य चालु सम्पत्ति :** अन्य चालु सम्पत्तिहरु व्यवसाय वृद्धिसँगै वृद्धि हुने अनुमान गरिएको छ ।

**<u>नाफा नोक्सान हिसाबमा गरिएको प्रक्षेपणका आधारहरु देहाय बमोजिम रहेका छन् :</u>**

**<u>आम्दानी</u>**

१. **(बिक्री-व्यापार) :**

- उत्पादन अनुसार बिक्री योजनाको आधारमा आ.व. २०८०/०८१ मा ८७% बिक्रीमा वृद्धि अनुमान गरिएको छ। यो वृद्धि कम्पनीले यस वर्ष योजना गरिरहेको कृषि वस्तु तथा सेवामा थप पोर्टफोलियोका कारण भएको हो । उल्लेखित योजनाबद्ध वृद्धि कम्पनीको अघिल्लो वृद्धिदरसँग मिल्दोजुल्दो रहेको छ ।

- कम्पनीले सामानको बिक्री आशिंक रुपमा घटाएर कृषि सेवाको आयात र निर्यातको अनुपातमा विस्तार गर्ने योजना बनाएको छ ।

२. **अन्य आम्दानी :**

- लगानीबाट आम्दानीमा, लगानी व्यवस्थापन सेवाको आम्दानी समावेश गरिएको छ र सो आम्दानी आगामी वर्षहरुमा बढ्ने अपेक्षा गरिएको छ ।
- अन्य विविध आम्दानी न्युनतम हुनेछ र व्यापार गतिविधिहरुसँगै उत्पन्न हुनेछ ।

**खर्च**

१. **बिक्रीको लागत :**

- उत्पादन अनुसार खरिद योजनाको आधारमा आ.व. २०८०/०८१ को लागि सामाग्रीको खरिद कार्य गरिएको छ । त्यस पछि खरिद क्रमशः ३२ र २२ प्रतिशतको दरले बढ्ने अपेक्षा गरिएको छ ।
- आर्थिक वर्ष २०८०/८१ को लागि वर्षको अन्तिममा रहेको मौज्दात कुल नाफा मार्जिन र स्टक होल्डिङ्गको अनुपातलाई विचार गरी गरिएको छ ।
- प्रत्यक्ष खर्चहरु खरिद लागतको ५% भन्दा कम हुने अपेक्षा गरिएको छ ।
- आ.व.२०८०/०८१ को लागि खरिद सामग्रीको अन्तिम मौज्दात (शुरुको मौज्दात बाहेक) ४१% हुने अपेक्षा गरिएको छ । त्यसपछि, कम्पनीले तेस्रो वर्षको अन्त्य सम्ममा सोको स्तर ३०% सम्म घटाउने योजना बनाएको छ । बिउ व्यवसायको होल्डिङ्ग तुलनात्मक रुपमा बढी छ । कम्पनीले मौज्दातको परिवर्तन र मूल्याङ्कनका लागि फिफो (FIFO) विधि अपनाएको छ ।

२. **कर्मचारी लाभ खर्च :** आ.व. २०८०/०८१ को तलब खर्च बजेटको आधारमा गणना गरिएको छ र कर्मचारी खर्च वृद्धिको लागि तलब र कर्मचारीमा वृद्धिको उपयुक्त दरलाई विचार गरिएको छ ।
अन्य कर्मचारी लाभ खर्चहरु कर्मचारीको संख्याको आधारमा गणना गरिएको छ । आ.व. २०८०/८१ मा १६० प्रत्यक्ष तथा अप्रत्यक्ष कर्मचारी हुने योजना बनाएको छ ।

३. **प्रशासनिक खर्च :** हालको भाडा संरचना (सम्झौतामा आधारित) र अपेक्षित भाडा संरचनाको आधारमा भाडा खर्च गणना गरिएको छ ।
अन्य सबै प्रशासनिक खर्चहरु कम्पनीको व्यवसाय वृद्धि मार्जिन को आधारमा वृद्धि हुने अनुमान गरिएको छ ।
निक्षेपको राइट अफ आ.व. २०७८/०७९ को लागि निक्षेपको हानीसँग सम्बन्धित छ ।

४. **वित्तीय लागत :** ऋण अवधिभरी ऋण रकमको औसत अपेक्षित उपयोगको आधारमा वित्तीय लागत गणना गरिएको छ ।

**अन्य :**

१. **नाफा नोक्सान हिसाबमा उल्लेखित सञ्चालन आयको उत्पादन बमोजिम विभाजन गरिएको विवरण (Product Wise Revenue Details) र सोका आधारहरु :**

| बिक्री आम्दानी | आ.व.२०८०/०८१ (रकम रु.) |
|---|---|
| कृषि मेसिनरी र उपकरणहरु | ४०३,७९१,८२७ |
| प्लास्टिक र सिंचाई | ७१,७६३,६८१ |
| दुग्ध तथा पशुपालन | ७५,१०९,८५८ |
| सिड एण्ड सिडलिङ्ग | १८,६६२,८०० |
| फर्टिलाइर्जस एण्ड केमिकल्स | ११६,९८८,३०० |
| फुड | - |
| सर्भिस आम्दानी | ४३,८५०,२६५ |
| **जम्मा** | **७३०,१६६,७३२** |

**सञ्चालन आयको आधारहरु**

- आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ र आ.व. २०८२/८३ मा क्रमस : ४० प्रतिशत र ३० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- ८ सहायक कम्पनीहरु मार्फत उद्देश्य बमोजिमको उत्पादन र सेवाहरु विस्तार गर्न शुरु गरिएको ।
- नेपालका सबै प्रदेशहरुमा प्रादेशिक कार्यालयहरु र चितवनमा क्षेत्रीय कार्यालयको स्थापना भएको ।
- प्रोडक्ट पोर्टफोलियोको थप विस्तार ।

- बिजनेस सेग्मेन्ट्समा थप विस्तार जस्तै : कृषि व्यवसाय परामर्श सेवा, जडिबुटी, पशुधन र दुग्ध, हर्वल निर्यात तथा फलफुलका बिरुवाको व्यवसायमा वृद्धि आदी ।
- रिसर्च र सेल्समा कर्मचारीहरु थप ।
- सर्वसाधारणमा शेयर जारी निष्काशन गरे पश्चात् १४ करोड शेयर पूँजी थप ।
- दृढ  ब्रान्ड र मार्केटिङ रणनीतिहरु ।
- ब्याकवार्ड र फरवार्ड मार्केट जोड्ने संरचना स्थापित ।
- व्यापार क्षेत्रको थप ।
- अथोराइज बिजनेस एसोसिएट्सको थप गरिएको छ ।
- संस्थागत व्यवसायको लागि कृषि स्रोत केन्द्रको रुपमा कृषि सहकारीहरुको क्षमता अभिवृद्धि मार्फत कारोबार ।
- बिजनेस एसोसिएट्सको थप ।
- संस्थागत व्यवसायको लागि स्थानीय सरकारसँग समन्वय गरी प्रशोधन सम्बन्धित परियोजनाहरुको परिचय ।
- विभिन्न डेभलपमेन्ट संस्थाहरुसंगको साझेदारीमा परियोजनाहरुको संचालन भई कृषकहरुलाई सेवा प्रदान गरिरहेको ।
- व्यवसायिक साझेदारहरुले सरकारी तथा गैरसरकारी निकायको विभिन्न आव्हानहरुमा सहभागि भई व्यवसायिक लक्ष्य पुरा गर्ने प्रतिवद्धता रहेको ।
- कोभिड १९ पछि बजारको अवस्था र वित्तीय सुचकहरु सुधार हुँदै जाने प्रक्षेपण रहेको ।

२. **लगानीमा सहायक कम्पनीमा भएको लगानीको विवरण निम्न बमोजिम रहेको छ :**

| सहायक कम्पनीको नाम | लगानी रकम रु. | | |
|---|---|---|---|
| | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
| मुक्तिनाथ सिड बैंक लि. | १६,000,000 | १६,000,000 | १६,000,000 |
| मुक्तिनाथ फर्टिलाइजर बैंक लि. | १६,000,000 | १६,000,000 | १६,000,000 |
| मुक्तिनाथ नर्सरी बैंक लि. | १५,000,000 | १५,000,000 | १५,000,000 |
| मुक्तिनाथ लाइभस्टक बैंक लि. | १२,000,000 | १२,000,000 | १२,000,000 |
| मुक्तिनाथ हर्बल बैंक लि. | २०,000,000 | २०,000,000 | २०,000,000 |
| मुक्तिनाथ फुड बैंक लि. | १६,000,000 | १६,000,000 | १६,000,000 |
| मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि. | १५,000,000 | १५,000,000 | १५,000,000 |
| मुक्तिनाथ ट्रेडिङ्ग लि. | २०,000,000 | २०,000,000 | २०,000,000 |
| **जम्मा लगानी** | **१३०,000,000** | **१३०,000,000** | **१३०,000,000** |

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

क) **सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :** कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व.०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| चुक्ता पूँजी (रु.) | १८०,000,000 | ३६०,000,000 | ३६०,000,000 | ५६०,000,000 | ७००,000,000 | ७७०,000,000 | ८५४,७००,000 |
| जगेडा तथा कोषहरु (रु.) | १७,०१९,८९४ | १८,९१९,८५१ | (८३,४६७,२४४) | (५४,२१५,५७५) | ८,२२७,९१३ | ५६,९२२,२८७ | ११७,८८६,७२२ |
| **कुल** | **१९७,०१९,८९४** | **३७८,९१९,८५१** | **२७६,५३२,७५६** | **५०५,७८४,४२५** | **७०८,२२७,९१३** | **८२६,९२२,२८७** | **९७२,५८६,७२२** |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | - | - | - | | - | - | - |
| **कुल नेटवर्थ** | **१९७,०१९,८९४** | **३७८,९१९,८५१** | **२७६,५३२,७५६** | **५०५,७८४,४२५** | **७०८,२२७,९१३** | **८२६,९२२,२८७** | **९७२,५८६,७२२** |
| शेयर संख्या | १,८००,००० | ३,६००,००० | ३,६००,००० | ५,६००,००० | ७,०००,००० | ७,७००,००० | ८,५४७,००० |
| खुद नाफा नोक्सान (रु.) | ५,४२६,०९८ | ६४२,७७७ | (१०२,७२७,५५०) | १९,५१२,९०७ | ६१,०७६,५७९ | ११०,१३२,६७९ | १९६,२४६,५७२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०९.४६ | १०५.२६ | ७६.८१ | ९०.३२ | १०१.१८ | १०७.३९ | ११३.७९ |
| प्रति शेयर आम्दानी (रु.) | ३.०१ | ०.१८ | (२८.५४) | ३.४८ | ८.७३ | १४.३० | २२.९६ |
| नेटवर्थमा प्रतिफल (%) | २.७५ | ०.१७ | (३७.१५) | ३.८६ | ८.६२ | १३.३२ | २०.१८ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा : | | | | | | | -२८.२०% |

**ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल** : (११.४१)

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :** कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार यस विवरणपत्र मार्फत जारी पूँजीको २० प्रतिशत अर्थात रु. १४ करोड रकम बराबरको प्रति शेयर मूल्य रु.१००/- अंकित दरका १४ लाख कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्टाइएकोमा सर्वसाधारणको समेत सहभागिता गराई निजहरुलाई लगानीको अवसर दिनु यस निष्काशनको मुख्य उद्देश्य हो ।

साथै धितोपत्र निष्काशन गर्नुको अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- देशको अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा रहेको कृषिमा सर्वसाधारणको लगानीलाई सुनिश्चित गर्न ।
- सर्वसाधारणमा कृषि क्षेत्रको महत्व र यस क्षेत्रमा आवद्ध हुनको लागि अभिप्रेरित गर्न ।
- कम्पनीको वस्तु तथा सेवाहरुलाई आम कृषक तथा उपभोक्ता सम्मको पहुँचलाई सशक्तिकरण गर्न ।
- कम्पनीको संस्थागत सुशासनलाई थप सबल बनाउँदै दिगो सेवा प्रवाह गर्न ।
- कम्पनीको वित्तीय आवश्यकताको दायरालाई फराकिलो बनाउन ।
- नीजि क्षेत्रको संस्थागत लगानीलाई आकर्षित गर्न ।

**ग. १०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुंजीको उपयोग**

**क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :** कम्पनीले आफ्नो जारी पूँजीको २० प्रतिशत अर्थात रु. १४ करोड रकम बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गर्नेछ । उक्त शेयर निष्काशन पश्चात् प्राप्त पूँजीको खर्चको विवरण देहाय बमोजिम हुनेछ ।

कम्पनीले लिएको संस्थागत मूल्य श्रृंखला व्यवस्थापन मार्फत कृषि चक्रको निर्माण गर्ने नीति बमोजिम सरकारी निकाय, गैरसरकारी संस्थाहरु, अन्य व्यवसायिक साझेदारहरुसंगको सहकार्य मार्फत कृषकको उत्पादन तथा उत्पादकत्व वृद्धि र उपभोक्ताहरुलाई गुणस्तरीय खाद्यान्नको पहुँच पुर्याउन वेयरहाउस, उद्योग लगायतका संरचनाहरु तयार गर्नुपर्ने हुन्छ । प्रायजसो कृषिजन्य उपजहरु छिटो नाश हुने प्रकृतिका हुने तथा उपभोक्ताहरुको दैनिक मागहरु मूल्य अभिवृद्धि गरिएका खाद्यान्नहरुमा पनि उल्लेख्य मात्रामा रहेको छ ।

साथै, उद्योगहरुको स्थापना गर्नुपूर्व तथा उत्पादन शुरु भए पश्चात् उत्पादनको परीक्षण, गुणस्तर निर्धारण, नियमित विकास र सुधारको लागि अनुसन्धान फार्म र परीक्षण ल्यावको स्थापना गर्नुपर्ने हुन्छ ।

कम्पनीले उल्लेखित आधारहरुलाई मध्यनजर गर्दै सार्वजनिक शेयर निष्काशनबाट प्राप्त हुने रकमलाई उद्योग संरचनाको विकास र अनुसन्धानमा उपयोग गर्ने योजना बनाएको छ ।

| क्र.सं. | रकम | उपयोग गरिने योजना | परिमाण |
|---|---|---|---|
| १ | १० करोड | कृषि सम्बन्धि उद्योगहरु (सिड, फर्टिलाइजर, फुड उद्योग, मेसिनरी, नर्सरी, पशु आहार इत्यादी) स्थापनाको लागि जग्गा खरिद, उपकरणहरु खरीद र संरचनाहरु निर्माणको लागि । | घरेलु तथा साना उद्योगमा दर्ता हुने गरी चितवनमा सिड उद्योग (१), फर्टिलाईजर उद्योग (१), पशु आहार उद्योग (१), काठमान्डौमा मेशिनरी उद्योग (१), पोखरामा फुड उद्योग (१) र स्याङजामा नर्सरी उद्योग (१) स्थापनको लागि आवश्यक प्रारम्भिक मेशिनरीहरु खरिद तथा संरचना निर्माण गर्ने । |
| २ | २ करोड | कृषि सामाग्रीहरुको भण्डारण केन्द्र (वेयरहाउस) को स्थापना र संचालनको लागि । | काठमान्डौ उपत्यका वा रुपन्देहीमा उत्पादनका साधानहरु (Inputs Products) र कृषकका उत्पादनहरु (Output Products) लाई छोटो समयका लागि भण्डारण गर्न मिल्ने संरचना निर्माण गर्ने । |
| ३ | २ करोड | कृषि अनुसन्धान सम्बन्धि फार्म उत्कृष्टता केन्द्रको स्तरोन्नति र परीक्षण सम्बन्धी ल्यावको स्थापनाको लागि । | भ.म.न.पा. २३, चितवन र आँधिखोला गाँउपालिका ०६ मा अवस्थित अनुसन्धान फार्मको स्तरोन्नती र आवश्यक परीक्षण ल्याव स्थापनाको लागि उपयोग गर्ने । |
| **जम्मा** | **१४ करोड** | | |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :** विगतमा अन्य कम्पनीले सर्वसाधारणहरुमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने कम्पनीको धारणा रहेको छ। नेपालमा पहिलो पल्ट कृषि कम्पनीको शेयर सार्वजनिक गर्न लागेको हुनाले यो सर्वसाधारणहरुको चासो को विषय समेत रहेको हुँदा पक्कै पनि सर्वसाधारणहरुको आवश्यक सहभागिता हुने विश्वास गरिएको छ।

कथंकदाचित निष्काशन गरिने शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी रहेको शेयर सर्वसाधारणहरुका लागि निष्काशन गरिने शेयरमा थप गरी सोही अनुपातमा बाँडफाँड गरिनेछ। सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभई बाँकी रहेको अवस्थामा प्रत्याभुतकर्ता श्री मुक्तिनाथ क्यापिटल लिमिटेडसँग मिति २०७९/१२/०५ मा १४,००,००० कित्ता शेयर प्रत्याभुतिकर्ताले खरिद गर्ने गरी सम्झौता गरीएको छ।

**ग) आयोजनाको संचालन स्थान, आयोजना चरणवद्ध रुपका कार्यान्वियन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** हाललाई सो नभएको।

**घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** हाललाई सो नभएको।

**ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बुँदाहरु :** हाललाई सो नभएको।

**च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरणः** कृषि सम्बन्धी सामाग्रीहरुको डिलर वा वितरक लिई खरिद बिक्री गर्ने प्रायोजनको लागि गरिएका सम्झौता बाहेक उल्लेखित सम्झौता हालसम्म नभएको।

**छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**
औद्योगिक उत्पादन हालसम्म शुरु नभएको। अनुसन्धान र विकासको लागि स्याङजामा स्थापना भएको (३२ रोपनीमा) र चितवनमा करीब १८० रोपनी फार्मबाट तरकारी तथा फलफूलका कलमी विरुवाहरु उत्पादन भएको छ। जसबाट वार्षिक स्याङजा र चितवनबाट क्रमश ५० लाख र १ करोड बराबरको उत्पादन हुने अनुमान गरिएको छ। त्यस्तै फार्ममा आवश्यक जनशक्तिहरु स्थानिय वासिन्दाहरु मध्येबाट पर्याप्त तालिम दिइ लिइएको छ। तरकारीहरु स्थानिय स्तरमा नै खपत भएको छ। साथै कलमी फलफूलको माग अत्याधिक रहेको हुँदा वरपरका जिल्लाहरुमा नै खपत भइरहेको छ।

**ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :**
हालसम्म औद्योगिक उत्पादन नभएको। बीउबिजन र विभिन्न कृषि सामाग्रिहरु तथा खाद्य वस्तुहरुको संकलनका लागि समुह तथा सहकारीहरु र कृषि उद्यमीहरुलाई उत्पादन गर्न लगाई त्यसको खरिद सुनिश्चितता गरी बिक्री वितरण भइरहेको छ।

**झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** हालसम्म सो नभएको।

**ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।**

- निष्काशन तथा बिक्री प्रबन्धक : रु १,००,०००/-
- ट्रष्टी (डिवेञ्चर निष्काशनको हकमा) : निष्काशन गरिने डिवेञ्चर नभई साधारण शेयर भएको।
- प्रत्याभूतिकर्ता शुल्क : रु.५,००,०००/-
- विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क : नरहेको।
- लेखापरीक्षकको शुल्क : प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे वापत रु. २०,०००/- (Exclusive Vat) भुक्तानी गरिएको।
- अन्य : सूचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु साथै बाँडफाँडमा परेको शेयर सम्बन्धित शेयरधनीहरुको हितग्राही खातामा पठाउनको लागि प्रशोधन गर्दा लाग्ने शुल्क सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले तोके बमोजिम हुनेछ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मूल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण**

**क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :**

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने १४,००,००० कित्ता धितोपत्रको १० प्रतिशले हुन आउने १,४०,००० कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारमा रहेका नेपालीहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कम्पनीले वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समूहमा थप गरी जारी गरिनेछ ।

**सर्वसाधारण शेयरधनीहरु :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट साधारण शेयर खरिदका लागि शेयर संख्या भन्दा न्यून संख्यामा शेयर खरिदको माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरिद हुनेछ । त्यसैगरी शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

**ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:** शेयर बिक्री बन्द भए पश्चात् नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भैसकेको सन्दर्भमा उपरोक्त व्यवस्था लागू नहुने ।

**घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :** यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयरको सूचीकरण तथा अभौतिकीकरणका लागि "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भए बमोजिम धितोपत्र सूचीकरणका लागि अनुमतिपत्र प्राप्त धितोपत्र बजारमा र धितोपत्र अभौतिकीकरणका लागि अनुमतिपत्र प्राप्त केन्द्रीय निक्षेप कम्पनीमा निवेदन दिईनेछ ।

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भए बमोजिम प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र धितोपत्र सूचीकरणका लागि अनुमतिपत्र प्राप्त धितोपत्र बजार श्री नेपाल स्टक एक्सचेन्ज लि. मा निवेदन दिई सूचिकरण गरे पश्चात् धितोपत्र अभौतिकीकरणका लागि अनुमतिपत्र प्राप्त केन्द्रीय निक्षेप कम्पनी श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिई आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेका शेयर जम्मा/वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

**ङ) धितोपत्र सूचीकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** हाल सम्म सूचिकरण भैनसकेको ।

**च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण

शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको गर्ने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च.प्रत्याभूति सम्बन्धी विवरण :**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**
धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | प्रत्याभूतिकर्ताको नाम ,ठेगाना | प्रत्याभूत शेयर कित्ता | प्रत्याभूत गरिएको रकम |
|---|---|---|---|
| १ | श्री मुक्तिनाथ क्यापिटल लि., नक्साल, काठमाडौं । | १४,००,००० | १४,००,००,००० |
| | **जम्मा** | १४,००,००० | १४,००,००,००० |

**ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य-मुख्य बूँदाहरु :**

१) प्रत्याभूतिकर्ताले सम्झौता पत्रमा मञ्जूर गरे बमोजिम १४,००,००० कित्ता शेयरले हुन आउने रकम रु. १४,००,००,०००/- बराबरको लागि लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

२) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत कम्पनीले रु. ५,००,००० सेवा शुल्क प्रदान गर्नेछ ।

३) यस विवरण पत्र अनुसार जारी गरिने शेयर सर्वसाधारणहरुमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वत : पूरा हुनेछ ।

४) यदि शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभई द्वितिय पक्षले प्रत्याभूति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको ३० दिन भित्र शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ ।

५) प्रत्याभूति गरेको शेयर बिक्री नभई ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि प्रत्याभूतिकर्तालाई समेत साधारण शेयरधनी सरह शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।

६) मिति २०७९ चैत्र ५ गते प्रत्याभूति सेवा सम्झौता गरिएको तथा मिति २०८० असोज ०२ गते पुरक सम्झौता गरी समयावधि थप गरिएको र सोको अवधि सम्झौता भएको मितिले ६ महिना सम्म रहनेछ । सो अवधि दुवै पक्षको सहमतिमा थप गर्न सकिनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ महानगरपालिका बसुन्धारा, वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ठ रकम "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी सि-आस्बा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तावालाले १० (दश) कित्ता भन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा

१० अंकको गुणाङ्कमा अधिकतम १,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**<u>वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हकमा :</u>**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिई बाँडफाँडमा परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आस्बा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्वन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित

लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० (एक हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**<u>सर्वसाधारणको हकमा :</u>**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

३. आस्बा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

४. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

६. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   - क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत , सम्पर्क फोन नं., इमेल ।
   - ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   - घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   - ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
   - च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम
   - छ. आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।

७. आवेदकले आवेदन दिँदा सि-आस्बा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।

८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

१०. वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् । यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियामक निकायबाट

लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१४. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० (एक हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोबार वा सम्झौता गरेको छैन ।

च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण वापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

## ग.१३. सूचिकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्याः निष्काशनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या : सो नभएको ।

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरणः

क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ  आदिको नाम तथा ठेगाना :

अ) आ.व.२०७८/०७९ मा यस कम्पनीको लेखापरीक्षकमा के.पि.आर.एशोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स रहनुभएको छ ।

आ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम | ठेगाना | बैंक खाता नं. |
|---|---|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | लाजिम्पाट, काठमाडौ | ०३६०१०४०२६७४९६ |
| २. | मुक्तिनाथ विकास बैंक लिमिटेड | कमलादी, काठमाडौं | ०३५१०२००३९८६४२००००६ |

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिने छ ।

इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी ए.पि एण्ड एशोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स बाट प्रमाणित भएको छ । कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो ।

ई) शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंले तयार गरेको हो । यस शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको मेगा क्यापिटल मार्केट्स लिमिटेड), लाजिम्पाट, काठमाडौलाई नियुक्त गरिएको छ ।

ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः सो नभएको ।

## ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण : सो नभएको ।

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : कृषि सामाग्रि कम्पनी लि. ले रासायनिक मल खरिदको लागि गरेको अन्तर्राष्ट्रिय आह्वानमा यस कम्पनी सहभागि भई छनोट भए बमोजिम कृषि सामाग्री कम्पनी लि. र मुक्तिनाथ कृषि कम्पनी बिच २ अगष्ट २०२० मा २५,००० मे.ट. युरीया मल र २०,००० मे.ट. डिएपि मल खरिद बिक्रीको लागि सम्झौता भए बमोजिम विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको प्रभावको कारण समयमा नै मल ल्याउन नसकेको भएतापनि कृषि सामाग्री कम्पनी लि. ले सम्झौता बमोजिम भनी यस कम्पनीलाई धरौटि जफत सहित कारवाहिको प्रकृया अगाडी बढाएकोमा यस कम्पनीले न्याय पाँउ भनी सम्मानित उच्च अदालत पाटनमा मुद्दा दायर गरेकोमा (मुद्दा नं ०७७-WO-०५५४) हाल सम्मानित अदालतमा उक्त मुद्दा दायर गरेको थियो । कोरोना भाइरसको विश्वव्यापी असरको कारण मलको मूल्य अप्रत्याशित रुपमा (करीव ३ गुणा) बढेको कारण सोहि मूल्यमा कम्पनीले मल सप्लाई गर्ने अवस्था पनि थिएन । सम्मानित उच्च अदालतबाट उक्त मुद्दा अगाडि नबढाउने गरी फैसला समेत भइसकेको छ । यसको कारण अल्पकालिन रुपमा कम्पनीलाई वित्तीय रुपमा नोक्सानी परेको भएतापनि मल सम्बन्धी कारोवारको क्रममा भएको अन्तर्राष्ट्रिय समन्वय, व्यवसायिक साझेदारी र सिकाइको कारण कृषि संग सम्बन्धित अन्य वस्तुको व्यवसाय र भविष्यमा मलको व्यवसायलाई एउटा मुख्य आयश्रोतको रुपमा रहने गरी काम गर्ने योजना रहेको हुँदा कम्पनीले मल र सम्बन्धित व्यवसायबाट ठूलो लाभ लिन सक्ने अपेक्षा राखेको छ ।

उल्लेखित मुद्दा तथा विवादबाट भविष्यमा वित्तीय दायित्व सृजना नहुने व्यवस्थापनको धारणा रहेको छ ।

विगतको उल्लेखित नोक्सानीलाई प्रक्षेपित वित्तीय विवरणमा समायोजन तथा मल लगायतका अन्य व्यवसायको मार्फत परिपूर्ति गर्ने योजना उल्लेख भएको छ ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : हालसम्म सो नभएको ।

ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : हालसम्म सो नभएको ।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

## ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालन अधिकृत श्री सुभाष पौडेल ज्यूलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ०१-४४२५२८० (एक्सटेन्शन: ४१६) मा सम्पर्क गर्न सकिनेछ ।

## ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :

सो नभएको ।

## ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

## ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :

सो नभएको ।

## ग.२२. अन्य सामान्य जानकारी :

**क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि ए.पि एण्ड एशोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स बाट प्रमाणित गर्नुभएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण** :

**सञ्चालकमा भएको परिवर्तन :** सर्वसाधारणबाट प्रतिनिधित्व नभएको अवस्थामा संचालक समितिको निर्णय अनुसार एक जना संचालक (श्रीमती शिखा मास्के) लाई नियुक्त गरेको ।

| पूर्व संचालकको नाम | परिवर्तित संचालकको नाम | परिवर्तन भएको मिति |
|---|---|---|
| नारायण कुमार श्रेष्ठ | शिखा मास्के | २०७८ चैत्र २८ गते सम्पन्न संचालक समितिको ४७ औ बैठकको निर्णय अनुसार |

**लेखापरीक्षकमा भएको परिवर्तन :** आ.व २०७७/०७८ सम्म ए.पि. एण्ड एसोसिएट्स रहेकोमा आ.व. २०७८/०७९ मा के.पि.आर. एशोसिएट्स परिवर्तन गरिएको ।

**ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : रामशरण तिमल्सिना
ठेगाना : महाँकाल गाँउपालीका ०३, ललितपुर
योग्यता : स्नाकोत्तर

**घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :** कम्पनीको मिति २०७८/०६/१७ बसेको संचालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको शेयर निष्काशन गर्ने उक्त निष्काशनको लागि अन्य कुनै पनि नियामक निकायसंग पत्राचार गर्न, सम्झौता गर्न तथा सो सम्बन्धी संस्थाको तर्फबाट अन्य सम्पूर्ण कागजातहरुमा हस्ताक्षर गर्न यस कम्पनीका कार्यकारी अध्यक्ष वा कम्पनी सचिव मध्ये एक जनालाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ ।

**ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेषकर सुविधा दिइएको भए,सो सम्बन्धी विवरण** :सो नभएको ।

**च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाडौं महानगरपालिका ०३, बसुन्धारा, काठमाण्डौ ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।

**छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

- यस विवरणपत्र मार्फत कूल १४,००,००० कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्काशन गरिनेछ । साथै सो सर्वसाधारणलाई निष्काशन गर्ने शेयर संख्याको ३% अर्थात ४२,००० कित्ता शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ र ५% अर्थात ७०,००० कित्ता शेयरहरु सामूहिक लगानी कोषहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ तथा १० प्रतिशत अर्थात १,४०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ ।
- कर्मचारीहरुको लागि छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र सामूहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिने छ तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका हकमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ ।
- यस विवरणपत्र बमोजिम निष्काशन गरिने शेयरहरु यस विवरणपत्रमा तोकिएको समूहलाई पूरा बिक्री हुन नसकेमा मात्र बाँकी रहेका शेयरहरू प्रचलित कानून बमोजिम बिक्री गरिनेछ ।

**झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :** कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्कासित साधारण शेयर बिक्री वितरणका लागि आस्बा सदस्य प्राप्त बैंक तथा वित्तीय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ ।

**ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट इस्युर रेटिङ्ग गराई "[ICRANP -IR] BB-" (pronounced as ICRA NP Issuer Rating Double B Minus) ग्रेडिङ्ग मिति २०७९/१०/०६ मा प्राप्त गरेको छ । "[ICRANP -IR] BB-" (Issuer Rating) ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding timely servicing of financial obligation) जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ "[ICRANP -IR] BB-" स्थिती +"[ICRANP -IR] BB" भन्दा एक चिन्ह तल रहन्छ ।

ग्रेड प्रदान गरेको मिति : वि.सं. २०७९/१०/०६ ग्रेड बहाल रहने अवधि : वि.सं. २०८०/१०/०२

**ठ)** **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ ।

**ड)** **सकारात्मक पक्षहरु :**

- कृषिमा काम गर्ने बैंकको लगानी सहितको पहिलो तथा संस्थागत पब्लिक लिमिटेड कम्पनी रहेको ।
- मुक्तिनाथ विकास बैंक लि. को लगानी र बैंकको तर्फबाट संचालक पनि रहेको कारण कम्पनीको व्यवस्थापन व्यवस्थित र संस्थागत सुशासन कायम रहेको ।
- कृषि मूल्य श्रृङखलामा व्यवस्थापकिय कार्यहरु गर्ने मार्गदर्शन सिद्धान्त अवलम्बन गरेको कारण व्यवसायलाई तिव्र रूपमा वृद्धि गर्ने लक्ष्य रहेको ।
- कम्पनी संचालनको लागि व्यवस्थापकिय, प्राविधिक, बजारीकरण, वित्त व्यवस्थापन लगायतका योग्य, क्षमतावान र अनुभवि कर्मचारीहरु रहेको ।
- मुक्तिनाथ बैंक र संस्थापक शेयरधनीहरुको ठुलो नेटवर्कको कारण व्यवसाय विस्तारमा सहजिकरण भएको ।
- नयाँ नयाँ प्रविधि प्रयोग, विकास र प्रसारमा काम गरिरहेको ।
- अनुसन्धान सहित व्यवसाय विकास र विस्तारमा काम गरिरहेको ।
- ७० भन्दा बढि जिल्लाहरुमा वस्तु तथा सेवाहरुको विस्तार गरिसकेको ।
- ४०० भन्दा बढि प्रकारका कृषि सम्बन्धी वस्तु तथा सेवाहरु उपलब्ध रहेको कारण व्यवसाय विस्तार तिव्र गतिमा भइरहेको ।
- कृषिमा विशिष्टकृत वस्तु तथा सेवा विस्तार गर्ने अभिप्रायले सहायक कम्पनी स्थापना गरेको ।
- समुह तथा सहकारीहरु मार्फत संस्थागत रूपमा व्यवसाय वृद्धि गर्ने लक्ष्य लिएको ।
- नेपाली कृषि उपजहरुलाई निर्यात गरि विदेशी मुद्रा आर्जन गर्ने लक्ष्य लिएको ।

**ढ)** **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**ण)** **धितोपत्र बिक्री खुल्ला अवधि :** यस विवरणपत्रद्वारा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**त)** धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सुचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेबसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ ।

**थ)** बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेबसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं ।

**द)** **धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ९ को उपदफा ३ बमोजिम शर्तहरु पालना सम्बन्धी विवरणहरु :**

- आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाइ एक वर्षको अवधि पुरा गरेको ।
- प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको ।
- आफ्नो उद्देश्य अनुसार कारोबार संञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको ।
- संगठित संस्थाका लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कार्यलय भवन, गोदाम घर तथा अन्य आवश्यक सुविधा दिनको लागि आवश्यक जग्गा तथा भवन वाहालमा लिइएको ।
- उत्पादनको प्रविधि छनोट गरि उद्योगका लागि आवश्यक पर्ने यन्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गनुपर्ने भएमा टेन्डर आदि गरी खरिद प्रकृया गरिरहेको ।

- कम्पनीको कारोवारको अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको ।
- संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको ।
- कम्पनीले आफ्नो उद्देश्य अनुसारको कार्य गर्न सम्बन्धित निकायबाट ईजाजत, अनुमति तथा स्वीकृति लिइसकेको छ ।
- यस कम्पनीले निष्काशन गर्न लागेका धितोपत्रको निष्काशन सम्बन्धी कार्य गर्नेको लागि श्री एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको मेगा क्यापिटल मार्केस् लि.) सँग सम्झौता भैसकेको छ ।
- सर्वसाधारणका लागि निष्काशन गर्न लागेको कुल साधारण शेयरहरुको १०० प्रतिशत शेयरको प्रत्याभूति गराएको छ ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | भरतराज ढकाल | अध्यक्ष | |
| २. | सिताराम काफ्ले | सञ्चालक | |
| ३. | तुलसी राम ढकाल | सञ्चालक | |
| ४. | शिखा मास्के | सञ्चालक | |
| ५. | मोहन कुमार बस्नेत | सञ्चालक | |
| ६. | गोविन्द बहादुर राउत | सञ्चालक | |

२४.	निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) को प्रति :

**NIMB ACE CAPITAL LIMITED**
Managing Shares. Managing Investments.

च.नं.: २१/०८०/०८१
मिति : २०८०/०४/१२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर, नेपाल ।

विषय : प्रतिबद्धता पत्र (Due Diligence Certificate)

महाशय,

काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३, बसुन्धारा, रिङ्गरोड काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले आफ्नो जारी पूँजीको २० प्रतिशतले हुन आउने रु.१४,००,००,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरको १४,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि निष्काशन गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । सर्वसाधारणहरुमा धितोपत्र निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार धितोपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरुको जानकारी गराउँदछौं :

१) मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै, कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२) प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक-एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३) निष्काशन कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४) कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५) त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरी उक्त नियमावलीको व्यवस्थाहरुसँग अनुरुप हुने गरी सम्बन्धित कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

एनआइएमबि एस क्यापिटल लिमिटेडका तर्फबाट

नाम : सचिन्द्र ढुङ्गाना
पद : नायब महाप्रबन्धक
दस्तखत :

कार्यालयको छाप : NIMB ACE CAPITAL Managing shares. Managing investments. Lagankhel, Kathmandu

NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्यापिटल लिमिटेड
(Wholly Owned subsidiary of Nepal Investment Mega Bank Limited)
P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4005157, 4519421, 4525280
F : +977-1-4005084
E : info@nimbacecapital.com
W : www.nimbacecapital.com
(Formed by Acquisition of Mega Capital Markets Ltd. By NIBL Ace Capital ltd
Licensed by Securities Board of Nepal (SEBON)
- Issue Management - Registrar to Shares/Registrar & Transfer Agent - Underwriting - Portfolio Management - Depository Participant - Fund Manager & Depository of NIMB Mutual Fund

२५.  विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**A.P. & ASSOCIATES**
CHARTERED ACCOUNTANTS

मिति: ३२।०४।२०८०

श्री संचालक समिति,
मुक्तिनाथ कृषि कम्पनी लिमिटेड
काठमाण्डौ, नेपाल

विषय : प्रक्षेपित वित्तीय विवरणको प्रतिवेदन

महोदय,

यहाँको अनुरोधमा हामीले मुक्तिनाथ कृषि कम्पनी लिमिटेड र यस कम्पनीको समूहमा रहेका कम्पनीहरुको आ.व. २०८०।८१, २०८१।८२ र २०८२।८३ को प्रक्षेपित वित्तिय विवरणको पुनरावलोकन (Review) गरेका छौं । यस प्रतिवेदन, हाम्रो बुझाईमा, मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले सर्वसाधारणको लागी शेयर निष्काशनको निमित्त विवरण पत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वित्तीय विवरण निम्न कुराहरुमा आधार रहेको जानकारी गराइन्छ :

१. कम्पनीको आर्थिक वर्ष २०७८।७९ को आषाढ मसान्त सम्मको लेखापरिक्षण भएको वित्तीय विवरणहरु
२. कम्पनीको आर्थिक वर्ष २०७९।८० को आषाढ मसान्त सम्मको Unaudited वित्तीय विवरणहरु
३. हामीलाई जानकारी गराईएको तथा हामीले जानकारी लिएको आवश्यक सुचनाहरु,
४. कम्पनीले अवलम्बन गरेको लेखा नीतिहरु, र
५. प्रक्षेपित वित्तीय विवरणमा संलग्न अनुसुची "१" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु ।

उपरोक्त प्रक्षेपण विगत वर्षहरुको वास्तविक आँकडा तथा आउदो वर्षको संचालन योजनाको आधारमा कम्पनी व्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित विवरण अनुसूची "१" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनि प्रमाणिकरण मात्र गरेका हौं ।

सि.ए. अनिल पौडेल
ए. पि. एण्ड एसोसिएटस
चार्टड एकाउण्टेण्ट

UDIN: 230825CA00784mxKem

3rd Floor, Block Y, Kathmandu Plaza, 3rd Floor, Kamaladi, Kathmandu, Nepal
Board: +977 (1) 4168667, 4168644, Email: info@apna.com.np, Url: www.apna.com.np

Scanned with CamScanner